प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ अंक १९२ काठमाडौं शुक्रबार, २३ कात्तिक २०८१ Prabhab National Daily Friday, November 08, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-

छठ पर्वका अवसरमा बिहीबार काठमाडौंको कमल पोखरीमा छठी माताको पूजा आराधना गर्दै भक्तजन । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

स्थानीय तह उपनिर्वाचन

उम्मेदवार छान्नै मुश्किल

प्रभाव संवाददाता

काठमाडौं– मंसिर १६ गते देशभरका विभिन्न स्थानीय तहमा रिक्त भएका ४४ स्थानमा स्थानीय तहको उपनिर्वाचन हुँदैछ । ती तहमा प्रमुख राजनीतिक दलहरूले उम्मेदवार घोषणा थालेको छ । काठमाडौंको कीर्तिपुर नगरपालिकामा नेकपा एमालेले केन्द्रीय सदस्य डा सुरेन्द्र मानन्धरलाई उम्मेदवार बनाउने भएको छ । यता माओवादी केन्द्रले प्राडा शिवशरण महर्जनलाई उम्मेदवार घोषणा गरेको छ । महर्जन ०७९ को स्थानीय तह चुनावमा कांग्रेसका राजकुमार नकर्मीसँग पराजित भएका थिए । कांग्रेसले भने यहाँ उम्मेदवार चयन गर्न सकेको छैन ।

मेयरको उम्मेदवारका बन्न कांग्रेस नगर समितिले ११ जनाको नाम सिफारिस गरी क्षेत्रीय कमिटीमा पठाएको छ । सिफारिसमा नगर सभापति कृष्णमान डंगोलको नाम पहिलो नम्बरमा छ । त्यस्तै, राप्रपाले इन्जिनियर ध्रुव महर्जनलाई उम्मेदवार बनाउने घोषणा गरिसकेको छ ।

(क्रमशः पृष्ठ २ मा)

रास्वपाको उम्मेदवार बन्न फारम भर्नुपर्ने

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो पार्टीको तर्फबाट उम्मेदवार बन्न फारम भर्न आह्वान गरेको छ । पार्टीले उम्मेदवारीका लागि आवेदन दिन 'गुगल फारम' वा निर्वाचन परिचालन समितिमा उपलब्ध आवेदन फारम भर्न समेत सूचना जारी गरेको छ । केन्द्रीय निर्वाचन संयोजन समितिबाट स्थानीय तह उपनिर्वाचनका लागि प्रारम्भिक निर्वाचन कार्यतालिका समेत तयार गरेको कार्यवाहक प्रवक्ता मनिष झाले बताए । संयोजक एवं प्रतिनिधिसभा सदस्य पराजुलीले आजदेखि उम्मेदवार आह्वान गरेर केही दिनमा टुंगो लगाउने बताए ।

(क्रमशः पृष्ठ २ मा)

आफू जोगिन एमाले नेताको अनेकन प्रष्टीकरण

- अधिकारी मन्त्री छँदा उनलाई जापान पुऱ्याउने गोपाल गौतम
- दलाललाई जनही १० लाख बुझाएर तीन युवक मन्त्री अधिकारसाथ जापान
- अधिकारीलाई मानव तस्करको आरोप

जेबी योञ्जन

काठमाडौं– यही कात्तिक दोस्रो साताको सुरुमै कोशीका तत्कालीन आन्तरिक मामिलामन्त्री लिलाबल्लभ अधिकारीलाई एउटा निम्तो आयो । जापानको राजधानी टोकियोमा आर्ट काउन्सिलको कल्चर एट होम कार्यक्रमका लागि उक्त निम्तो थियो । निम्तो दिने मोरङको रतुवामाई नगरपालिकाका गोपाल गौतम हुन् ।

अधिकारीका अनुसार गौतमले उनलाई जहाजको टिकट, खानेबस्ने सबै सुविधा पाउने भनेपछि १३ कात्तिकमा जापानको टोकियो उडे । जबकि उनी त्यसबेला मन्त्री थिए । मन्त्री भएका व्यक्ति आफूखुसी विदेश भ्रमणमा जान मिल्दैन । जानु परे केन्द्र सरकारको मन्त्रिपरिषद् र परराष्ट्र मन्त्रालयबाट स्वीकृति लिने प्रावधान छ । यसविपरीत मन्त्री अधिकारी सुटुक्क जापान उडे ।

तर, जापान पुग्नेबित्तिकै उनी अध्यागमन कार्यालयको फन्दामा परे । मन्त्री अधिकारीले बुधबार पत्रकार सम्मेलन गरी दिएको जानकारीअनुसार उनी त्यहाँ ४८ घण्टा रोकिए । अन्ततः अध्यागमन कार्यालयले नेपाल फर्काइदियो । कारण, अधिकारीसँग मन्त्रीको हैसियतमा कार्यक्रममा सहभागी हुन कुनै औपचारिक पत्र, प्रमाण थिएन । फेरि, उनीसँगै गएका तीन जना व्यक्तिले मन्त्रालयकै कर्मचारीको नक्कली प्रमाणपत्र बोकेको फेला परेको थियो । यी दुई कारणले उनी मानव तस्करीमा संलग्न भएको हुन सक्ने भन्दै अध्यागमनले १७ कात्तिकमा सिँधै नेपाल फर्काएको प्रहरी स्रोतले जनाएको छ ।

तर, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लनासाथ अधिकारीसँगै जापानबाट फर्काइएका खोटाङका दावा शेर्पा, जनक राई र रसुवाका कञ्चन देवकोटालाई अध्यागमन कार्यालय र त्रिभुवन विमानस्थल सुरक्षा कार्यालयले समातेर उपत्यका अपराध अनुसन्धान कार्यालयको जिम्मा लगाए । उनीहरूलाई पक्राउ गर्नुको कारण यात्रासँग सम्बन्धित कागजपत्रमा कैफियत देखिनु हो ।

यद्यपि, अधिकारीसहित अनिता तिमल्सिनालाई भने सामान्य सोधपुछ गरेर विमानस्थलबाट बाहिरिन अध्यागमन कार्यालय र प्रहरीले दिए । जबकि अनुसन्धान अधिकारीहरूले भने काठमाडौं मनमैंजु बस्ने रसुवाको कालिका गाउँपालिका-५ का कञ्चन देवकोटा, बूढानीलकण्ठ-११ मा बस्ने खोटाङ ऐंसेलुखर्क गाउँपालिका-२ घर भएका दावा शेर्पा र खोटाङकै केपिलासगढी गाउँपालिका-४ का जनक राईलाई मन्त्री अधिकारीसँगै जापान छिराउन रातारात फर्जी कागजात बनाई मन्त्रीको सचिवालय कर्मचारी बनाएको पाइएको दाबी गरेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

इन्दिराप्रति खरो एमाले, आफ्ना मन्त्रीप्रति मौन

संसदको बर्खे अधिवेशनमा उपसभामुख इन्दिरा राना मगरको राजीनामा माग भयो । उनीमाथि अभियोग थियो कि उनले अमेरिकामा महिला अधिकारसम्बन्धी एक कार्यक्रममा असम्बन्धित मानिसलाई पठाएर मानव तस्करी गर्न खोजे । अमेरिकी दूतावासलाई कार्यक्रममा सहभागी हुन जाने सन्दर्भका लागि अन्तर्वार्ता मिति सार्न अनुरोध गरिएको पत्र सार्वजनिक भएपछि सरकारमा रहेको दल एमाले र कांग्रेसले नैतिकता देखाएर राजीनामा दिनुपर्ने भन्दै दबाब थिए । तर, राजीनामा दिइनन् ।

यतिबेला भने एमालेकै कोशी सरकारमा मन्त्री भएका अधिकारी मानव तस्करीमा संलग्न भएको भन्दै विरोध भइरहेको छ । विरोधपछि उनले राजीनामा दिए । तर, उनीबारे एमाले मौन छ । सत्तारुढ मुख्य घटक कांग्रेस पनि मौन छ । जबकि, उनी स्वयंले भनेका छन् कि म दलालको फन्दामा परेर जापान पुगेछु । यति भन्दा पनि उनीमाथि कानुनी प्रक्रियामा लगेर अनुसन्धान गरिएको छैन ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीका अनुसार अधिकारीमाथि मौजुदा थुप्रै कानुन आकर्षित हुन्छन् । त्यसअनुसार उनीमाथि अनुसन्धान हुन आवश्यक रहेको त्रिपाठीले बताए । उता नेकपा माओवादी केन्द्र कोशी प्रदेशले भने अधिकारीको गतिविधिले प्रदेशवासीको शिर निहुऱ्याएको जनाउँदै सांसद पदबाट समेत हटाउन माग गरेको छ ।

सन्दर्भः वैदेशिक रोजगार

युरोपेली मुलुक स्पेनसँग श्रम सम्झौताको तयारी

प्रभाव संवाददाता

काठमाडौं– सरकारले वैदेशिक रोजगारीको लागि सुरक्षित र भरपर्दो नयाँ गन्तव्यको खोजी गर्ने क्रममा युरोपेली मुलुक स्पेनसँग श्रम सम्झौताको लागि छलफल अघि बढाएको छ । नेपाल र स्पेनबीच हुनसक्ने श्रम सम्झौताका सम्बन्धमा छलफल गर्नुका साथै र आवश्यक मस्यौदासमेत तयार भइरहेको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ ।

द्विपक्षीय श्रम सम्झौताको लागि उच्चस्तरीय छलफल भइ प्रारम्भिक रूपमा मस्यौदासमेत तयार पार्ने काम भइरहेको मन्त्रालयका सहायक प्रवक्ता तथा सूचना अधिकारी कविराज उप्रेतीले बताए । उनका अनुसार द्विपक्षीय रूपमा हुने सम्झौताको लागि सम्बन्धित निकायबीच सहमतिको प्रयास भइरहेको छ । 'श्रम सम्झौताको लागि आवश्यक मस्यौदा लगभग तयारी अवस्थामा छ,' उनले भने, 'मस्यौदामाथि द्विपक्षीय छलफल गरेर एउटा विन्दुमा पुगेपछि समझदारी पत्रमा हस्ताक्षर गर्ने वातावरण बन्छ, यसमा मन्त्रालय प्रयासरत छ ।'

नेपालबाट जाने कामदारको लाग्ने खर्च रोजगारदाताले नै व्यहोर्ने गरी 'इम्प्लोयर पे' मोडलमा नै गन्तव्य मुलुकसँग समझदारी गर्ने सरकारको नीति रहेको भन्दै स्पेनसँग पनि सोही अनुरूप नै मस्यौदा तयार पारिएको सहायक प्रवक्ता उप्रेतीले बताए । यतिमात्र नभई कामदारको हकहितका विषयमा आवश्यकता अनुसार दुवै देशको संयुक्त बैठक (ज्वाइन्ट कमिटी) बसेर थप छलफल गरिने सम्झौताको मस्यौदामा समावेश गरिएको उनले बताए । सरकारले नयाँ गन्तव्य खोज्ने र सुरक्षित रोजगारीको लागि भन्दै स्पेनसँग मात्र नभई ओमान, पोर्चुगल, टर्की, लेबनान, कुवेत, कतार, ब्रुनाई, पोल्यान्डलगायतका मुलुकसँग पनि श्रम सम्झौताको गृहकार्य गरिरहेको सहायक प्रवक्ता उप्रेतीले बताए ।

पछिल्लो समय युरोपेली मुलुकमा रोजगारीको लागि जाने नेपालीको संख्या बढ्दो छ । यसअघि पनि विभिन्न माध्यमबाट थुप्रै नेपाली स्पेन पुगिसकेका छन् । स्पेनमा नेपालीहरूका लागि के-कस्ता रोजगारीका अवसर छन् भन्नेबारे मन्त्रालय जानकार नभएपनि युरोपेली गन्तव्य भएकाले सुरक्षा र मानवअधिकारका हिसाबले श्रम सम्झौताको प्रक्रिया अघि बढाउन खोजिएको बताइन्छ । युरोपमा म्यानपावर व्यवसायीमार्फत नै नेपाली कामदार पठाउने सरकारको नीति छ । सोही नीति अनुसार रोमानियासँग सरकारले सम्झौता गरेपनि व्यवसायीमार्फत नै कामदार पठाउने व्यवस्था गरेको छ भने जर्मनीमा पनि व्यवसायीले नै कामदार पठाउन पाउने गरी तयार गरिएको कार्यविधि कार्यान्वयनमा आइसकेको छैन ।

मलेसियाले नयाँ कामदारको कोटा नखोल्ने

काठमाडौं, (प्रस)– मलेसिया सरकारले आप्रवासी कामदारको नयाँ कोटा नखुलाउने जनाएको छ । त्यहाँका गृहमन्त्री सैफुद्दिन नासुसन इस्माइले नयाँ विदेशी कामदार कोटा हाललाई स्थगित नै रहेको बताएका छन् ।

मलेसियाको अर्थ मन्त्रालयले डिसेम्बरसम्मको लागि २५ लाख विदेशी कामदारको सीमा तोकेकोले अब ९० हजार मात्र विदेशी कामदारको कोटा बाँकी रहेका कारण नयाँ कोटा नखुलाउने गृहमन्त्री इस्माइलले स्पष्ट पारेको त्यहाँको सञ्चारमाध्यम मलेमेलले जनाएको छ । इस्माइलले हालसम्म, मलेसियामा २४ लाख विदेशी कामदार भर्ना भएको उल्लेख गरेका छन् । मलेसियाले गत सेप्टेम्बरदेखि नयाँ कोटा जारी गर्न स्थगित गरेको छ ।

सञ्चार माध्यमका अनुसार गृहमन्त्री इस्माइलले सेप्टेम्बरदेखि नै कुनै पनि नयाँ कामदारको आवेदन नलिएको भन्दै कृषि, बगान, निर्माण, र सेवा क्षेत्रहरूमा माग पुनः मूल्यांकन गर्न त्रैमासिक समीक्षा गर्ने तयारी गरेका छन् । तर रोजगारीका क्षेत्रमध्ये कृषि र बगानहरूमा कामदारको अभाव भइरहेको पनि गृहमन्त्री इस्माइलले बताएका छन् ।

कृषि मन्त्री जोहरी अब्दुल घानीले पहिलेदेखि नै उल्लेखित क्षेत्रका लागि विदेशी कामदारको अभाव रहेको भन्दै त्यसका लागि पुनर्विचार गर्न आग्रह गर्दै आएको बताइएको छ । यसमा गृह मन्त्रालय र मानव संशाधन मन्त्रालय सकारात्मक रहेकोले बाँकी रहेका ९० हजार विदेशी कामदारलाई कृषि र बगानहरूमा रोजगारी दिन सकिने उल्लेख गरिएको छ । मलेसिया सरकारले विशेषगरी पाम तेल र रबर उद्योगहरूमा कामदार उपलब्ध गराउनको लागि आवश्यक तयारी गरिरहेको बताइन्छ । मलेसियाको नयाँ कामदारको कोटा नखुलाउने नीतिले भने नेपाली कामदार प्रभावित हुने देखिएको छ ।


जनहितमा जारी सन्देश

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

डेंगीबाट बच्ने उपायहरु

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक
www.prabhabonline.com
प्रभाव पब्लिकेसन प्रा.लि.
कामपा-७, सिफल, काठमाडौं

साझा बन्दै छठ पर्व

काठमाडौं– अछामकी सकुन्तला भण्डारी दसैं तिहारजत्तिकै महत्त्व र उत्साहका साथ छठ मनाउँछिन् । विशेषगरी तराई क्षेत्रमा मनाइने छठ पर्वको विधि हुबहु नआए पनि उनी तराई निवासी सखीसँग सिक्दै छिन् ।

गत वर्षझैं उनले यो वर्ष पनि छठमा व्रत बस्न लागेकी हुन् । 'सुरुको वर्ष केही आउँदैनथ्यो, साथीले सामान किन्न सघाउँदा सजिलो भयो । अहिले पनि उसैले साथ दिएकी छे,' उनले भनिन् । तराईमा मनाइने छठ पर्व पछिल्ला केही वर्षयता सबै समुदायको साझा बन्दै गएको छ ।

बानेश्वर घर भएकी जमुना तन्डुकार छठ पर्व रमाइलोका लागिमात्रै नभई धार्मिक र स्वास्थ्यका हिसाबले सही भएको बताउँछिन् । सूर्यको पूजा गर्ने संस्कृतिले छठ पर्वप्रति उनी विशेष आकर्षित भएकी हुन् । त्यसैले विगत तीन वर्षदेखि निरन्तर छठ मनाउने गरेको उनले सुनाइन् । अहिले घरका सबैले छठमा व्रत बस्न थालेको उनले बताइन् । 'पर्व जुन समुदायले मनाउने भए पनि राम्रो कुराको सबैले अनुशरण गर्नुपर्छ,' उनले भनिन्, 'प्रकृति पूजा आराधना गरिने छठ पर्व सबैले मनाउनुपर्छ भन्ने लाग्यो र मनाउन थालें ।'

ललितपुरकी मायादेवी थापाले छठ पूजा गर्ने सामग्री माटोबाट बनाइएको कलश, दियो, हात्ती तथा बाँसको चोयाबाट बुनिएका नाङ्लो, दाउरा, सुपली, छैंटी, ढकनीजस्ता परम्परागत भाँडाकुँडा किनेर छठको समापन गर्ने तयारीमा थिइन् । सर्लाही घर भएकी थापाकी संगीनी मनिषा साहले छठका सामग्री जुटाउन सघाइन् । पर्व मनाउने प्रक्रियामा थापासँग एकआपसबीच आत्मीयता र मित्रवत् सम्बन्ध विस्तार भएको उनले बताइन् । 'मैले उहाँलाई पूजा गर्न सहयोग गर्दागर्दै धेरै मिल्ने भएछौं,' साहले भनिन्, 'पर्वको रमाइलो सँगै मिल्ने साथी बनेकामा खुसी छौं ।'

संस्कृतविद् धीरेन्द्र प्रेमर्षीका अनुसार छठ पर्वको परम्परागत परिकल्पना नै समाजको साझा पर्व बनाउनु हो । जसरी सूर्यको प्रकाश प्रत्येक वनस्पति, जीव, व्यक्ति वा प्राणीलाई समान उपलब्ध भएजस्तै यसमा छठ हरेक समुदायको समान पर्व रहेको उनले बताए ।

छठ पर्वले कुनै पनि जात र समुदायमाथि विभेद नगर्ने उनको भनाइ छ । पछिल्लो समय मान्छेहरू रोजगार, शिक्षा र सुविधाको खोजीमा छरिन थाले । जसले गर्दा छठ पर्व मनाउनेहरूको क्षेत्र विस्तार हुँदै गएको प्रेमर्षीले बताए । उनले भने, 'छठ पर्व प्रकृतिको पूजा हो, त्यसैले यो सबैको साझा बन्दै गएको छ ।' *रासस*

दुई वर्षमा आठौं अन्तर्राष्ट्रिय उडान

काठमाडौं (प्रस)– पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनको सिचुवान एयरलाइन्सले दोस्रो पटक चार्टर्ड उडान गरेको छ । पोखरा विमानस्थल उद्घाटन भएको दुई वर्षको अवधिमा सिचुवान एयरलाइन्सले दोस्रो पटक चार्टर्ड उडान गरेको हो । योसहित पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटनपछि हालसम्म आठौं पटक अन्तर्राष्ट्रिय उडान भएको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारी जसोदा सुवेदीका अनुसार सिचुवान एयरलाइन्सको एयरबस ३१९ विमान एक सय २० यात्रुसहित आज दिउँसो २ बजे पोखरा अवतरण गरेर ३ बजेर ४० मिनेटमा चीनको कुनमिङ उडेको थियो । यद्यपि, यो विमानस्थलमा विभिन्न चार्टर्ड उडान भएपनि अहिलेसम्म व्यावसायिक नियमित उडान हुनसकेको छैन ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको २०७९ पुस १७ गते उद्घाटन गरिएको थियो । विसं २०८० असार ६ गते सिचुवान एयरलाइन्सले पोखरामा पहिलो चार्टर्ड उडान गरेको थियो । उक्त एयरलाइन्सले १७ महिनापछि आज दोस्रो उडान भरेको हो ।

खेलकुदका माध्यमबाट नेपाल र छिमेकी मुलुक चीनबीचको सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यले पर्यटकीय राजधानी पोखरामा यही कात्तिक २४ गतेदेखि हुन लागेको तेस्रो संस्करणको पोखरा अन्तर्राष्ट्रिय पर्वतीय क्रस कन्ट्री दौड प्रतियोगितामा सहभागी हुन आउने चिनियाँ प्रतिनिधि, खेलाडी, दर्शक र अन्य व्यक्ति चार्टर्ड उडानमार्फत पोखरा आएका हुन् । 'साझा समृद्धिका लागि दौड'को नारासहित हुने प्रतियोगितामा नेपाल र छिमेकी मुलक चीनका खेलाडीले प्रतिस्पर्धा जनाउने छन् ।

नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका दौडको आयोजक रहेका छन् । हिमालयन टुरिज्जम फोरमले कार्यान्वयन गर्ने उक्त प्रतियोगिता यही कात्तिक २५ गतेसम्म सञ्चालन हुनेछ । नेपालस्थित चिनियाँ दूतावास, चीनको युनान प्रान्तीय खेलकुद ब्युरो, युनान प्रान्तीय सरकारको विदेश मामिला कार्यालय, सिल्क रोड सिटिज एलायन्सजस्ता संस्थाहरूले प्रतियोगितालाई सघाउने बताइएको छ । प्रतियोगिताका लागि चिनियाँ खेलाडी आज चीनको कुनमिङबाट पोखरासम्म अन्तर्राष्ट्रिय विमानस्थलमा चार्टर उडानबाट आएको प्रतियोगिताको आयोजक हिमालय टुरिजम फोरमले जनाएको छ ।

लुम्बिनी भ्रमण गर्न लामाको आग्रह

काठमाडौं– लुम्बिनी विकास कोषका उपाध्यक्ष डा ल्हारक्याल लामाले बौद्धमार्गी विद्वानहरूलाई भगवान बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमण गर्न आग्रह गरेका छन् । भारत सरकारको आयोजनामा नयाँ दिल्लीमा सम्पन्न प्रथम 'एसियन बुद्धिस्ट समिट-२०२४' लाई बुधबार सम्बोधन गर्दै डा लामाले भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा विश्वका सबै बौद्धमार्गी विद्वानहरूको स्वागत गर्न लुम्बिनी विकास कोष आतुर रहेको बताएका हुन् ।

लामाले विश्वमा शान्तिको सन्देश फैलाउन शान्तिका अग्रदूत गौतम बुद्धका सन्देशहरू अहिले झन् सान्दर्भिक रहेकाले एसियन बुद्धिस्ट समिट र यस्तै कार्यक्रमहरूको आयोजना थप आवश्यक रहेको पनि चर्चा गरे ।

उनले बुद्धका शान्ति र सहिष्णुता एवं सत्यसम्बन्धी सन्देशहरू संसारभर फैलाउन र बौद्ध दर्शन र परम्पराबारे थप खोज अनुसन्धान आवश्यक रहेकामा पनि जोड दिए । यस्ता सम्मेलन एवं छलफल कार्यक्रमहरूले विश्वमा बौद्ध दर्शन र सिद्धान्तहरूको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास पनि उपाध्यक्ष लामाले व्यक्त गरे ।

उनले बौद्ध शिक्षाका माध्यमबाट एसिया क्षेत्रलाई अझ विकसित बनाउन सकिने धारणा राख्दै बुद्ध मार्गले कला, साहित्य, बास्तुकला र ध्यानका माध्यमबाट सम्पूर्ण एसियालाई नै एकताबद्ध गरेर जोडेको बताए । विश्वमा र अझ बढी एसियाली मुलुकहरूमा बुद्ध धर्म र बौद्ध शिक्षाको अनुशरण विभिन्न तरिकाबाट भइरहेको प्रसंग पनि उनले उल्लेख गरे ।

उनले लुम्बिनी विकास कोषले पनि बुद्ध धर्म र बौद्ध शिक्षालाई विशेष महत्व दिएर कार्यक्रमहरूको आयोजना गर्ने गरेको र यसलाई आगामी दिनमा निरन्तरता दिने धारणा राखे । एसियाली बौद्ध सम्मेलनको आयोजना गरेकामा भारत सरकारलाई उनले विशेष धन्यवाद ज्ञापन गरे । बिहीबार सम्पन्न सम्मेलनमा नेपालसहित एसियाली देशका बौद्ध दर्शनमा आस्था राख्ने विद्वान एवं बौद्धमार्गीहरूको सहभागिता रहेको लुम्बिनी विकास कोषले जनाएको छ ।

सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक १९० कात्तिक २१ गते २०८१ मा प्रकाशित **Sagarmatha International Employment (P) Ltd. (K.B. International Employment (P) Ltd.)** को Lot No. 313181/Lot No. 313182/No. 313180 को विज्ञापनमा पुर्व स्विकृति मितिः २०८१/०७/२०, **अन्तरवार्ता मितिः** २०८१/०७/२८ (13th Nov, 2024) **तथा खाने सुविधा छ** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Sagarmatha International Employment Pvt. Ltd.
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701,
E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

पृष्ठ १ बाट क्रमशः

आफू जोगिन...

अनुसन्धानको क्रममा प्रहरीलाई उनीहरूले प्रतिव्यक्ति १० लाख रूपैयाँ जापान पठाउने गिरोहलाई बुझाएको बयान दिएका छन् । जापानमा आयोजित सांस्कृतिक कार्यक्रममा सहभागी भएर उतै बस्ने सर्तमा प्रतिव्यक्ति १० लाख बुझाएको भनेको अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतले बताए । उनका अनुसार उनीहरूले धादिङ घर भएका ३४ वर्षीय महेश पाण्डेलाई १० लाख र दोलखा घर भएका ३० वर्षीय वीरबहादुर सुनारलाई दुई जनाले २० लाख नगद बुझाएका थिए ।

तिनै नक्कली कर्मचारीको बयानका आधारमा प्रहरीले थप तीन जनालाई पक्राउ गरिसकेको छ । उनीहरू हुन्- नुवाकोटको विदुर नगरपालिका-७ घर भई सामाखुशी बस्ने जुगल रिजाल, दोलखाको जिरी नगरपालिका-९ घर भई काठमाडौं महानगरपालिका-१६ बस्ने वीरबहादुर सुनुवार र धादिङको त्रिपुरासुन्दरी गाउँपालिका-६ घर भई चन्द्रागिरि नगरपालिका-८ बस्ने महेश पाण्डे ।

पक्राउ परेकाहरूविरुद्ध प्रहरीले सरकारी कागज किर्तेसम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको छ । तर, अधिकारी भने जोगिन अनेक प्रष्टीकरण दिइरहेका छन् । उनले आफू हङकङ पुगेपछि तीन जना एक्कासी सँगै कार्यक्रममा सहभागी हुने भनेर मिसिएको दाबी गरेका छन् । यतिसम्मकी उनले आफू मानव तस्करहरूको जालोमा फसेको दलिल दिए ।

उनले पत्रकार सम्मेलनमा भने, 'मेरो नाम देखाएर अरूलाई पनि लैजान खोजेको थाहा भएपछि म जापानबाट फर्किएँ । म फर्केपछि कोही पनि जापान जान पाएनन् ।' उनले हङकङ पुगेपछि मात्रै तस्करको चाल बुझेको दाबी गरेका छन् । तर, शंकाको सुविधा हुनेगरी भनेका छन्, 'जापान नपुगी फर्किन मिलेन ।' अधिकारीले जापानबाट आफैं फर्केको दाबी गरेका छन् । तर, त्रिभुवन विमानस्थल अध्यागमन कार्यालय स्रोतले मन्त्रीसहित पाँचै जनालाई जापानको अध्यागमनले डिपोर्ट गरेको बताएको छ । चर्को आलोचना भएपछि अधिकारीले मन्त्री पदबाट मंगलबार राजीनामा दिए । उनको दल एमालेको केन्द्रीय अनुशासन आयोगले अधिकारीलाई कारबाही हुने चेतावनी दिएको छ ।

आयोगका अध्यक्ष केशवप्रसाद बडालले प्रभावसँग भने, 'पार्टी विधान र अनुशासन उल्लङ्घन गर्ने जो कोहीमाथि कारबाही हुन्छ चाहे प्रधानमन्त्री नै किन नहोस् ।' एमालेको विधानको धारा ८० मा पार्टी निर्णय अटेर गरेमा वा पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरिए अनुशासनविपरीतको कार्य भनिएको छ । यसअनुसार अधिकारीमाथि कारबाही हुने अध्यक्ष बडालले बताए ।

अधिकारी २०७९ को निर्वाचनमा मोरङ २ (ख) बाट नेकपा एमालेबाट निर्वाचित सांसद हुन् । गत जेठ ४ गते मन्त्री बने । त्यसअघि २०७४ मा पनि उनी प्रदेश सांसद नै थिए । त्यसबेला पनि उनी विवादमा तानिए । कारण, २०७५ सालमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भएको सुन तस्करी र मोरङ उर्लाबारीका सनम शाक्य हत्या प्रकरणमा मुछिएका सई बालकृष्ण सन्जेलको पक्षमा बहस गरेका थिए । सुन तस्करीका अभियुक्तको पक्षमा बहस गरेपछि एमाले संसदीय दलले अधिकारीलाई अघोषित रूपमा एक वर्षसम्म संसदमा बोल्न रोक लगाएको थियो । सरकारवादी मुद्दाको प्रतिवादीको पक्षमा बहस गरेको भन्दै त्यो बेला पनि धेरैले उनीमाथि नैतिक प्रश्न उठाएका थिए ।

■ ■ ■

उम्मेदवार छान्नै...

पहिलोपटक स्थानीय निर्वाचनमा भाग लिन लागेको राष्ट्रिय स्वतन्त्र पार्टीले उम्मेदवार चयन गर्न सकेको छैन ।

ग्रामथानमा माओवादीबाट माझी, कांग्रेसबाट बलराम

मोरङको ग्रामथानमा नेपाली कांग्रेसले बलराम सरदारलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । बिहीबार बसेको जिल्ला संसदीय समितिको बैठकले उनको नाम टुंगो लगाएको मोरङ-४ का क्षेत्रीय सभापति विनोद बस्नेतले बताए । यहाँ माओवादी केन्द्रले अध्यक्षमा नमोनारायण माझीलाई उम्मेदवार बनाउने घोषणा गरेको छ । माझी केही समय अगाडि नेपाली कांग्रेस छोडेर माओवादी केन्द्रमा प्रवेश गरेका थिए ।

उनी ०७४ सालमा फोरम लोकतान्त्रिकबाट ग्रामथान गाउँपालिकाको १ नम्बर वडाको वडाध्यक्षमा निर्वाचित भएका थिए । यस्तै २०७९ सालको निर्वाचनमा स्वतन्त्र रूपमा सोही वडाको अध्यक्षमा उम्मेदवार बनेका उनी तेस्रो बनेका थिए । यहाँ कांग्रेस, एमालेले भने उम्मेदवारबारे निर्णय गरिसकेको छैन ।

महाबुमा कांग्रेसबाट झलक

नेपाली कांग्रेसले दैलेखको महाबु गाउँपालिकामा झलकबहादुर भण्डारीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । जिल्ला संसदीय समितिको बिहीबारको बैठकले भण्डारीलाई उम्मेदवार बनाउने निर्णय गरेको कांग्रेस दैलेखका सभापति मणिराम रेग्मीले बताए । यहाँ एमाले र माओवादीले उम्मेदवारको टुंगो लगाएको छैन ।

नेकपा एमालेले जाजरकोटको नलगाड नगरपालिकाको उपमेयरका लागि सुनिता बोहोरालाई उम्मेदवार बनाउने निर्णय गरेको छ । यहाँ कांग्रेसले इन्द्राचन्द सिंहलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । जाजरकोट केन्द्रविन्दु भई आएको भूकम्पमा परी नलगाड नगरपालिका उपप्रमुख सरिता सिंहको मृत्यु भएको थियो । दोलखाको गौरीशंकर गाउँपालिकाको उपाध्यक्षमा एमालेले उमा शेर्पालाई उम्मेदवार बनाउने भएको छ । कांग्रेसले पासाडिकी तामाङलाई अघि सारेको छ । त्यहाँ गत निर्वाचनमा कांग्रेस माओवादी गठबन्धनबाट श्याम तामाङले जितेका थिए । तामाङको हृदयाघातका कारण निधन भएपछि अहिले उपनिर्वाचन हुन लागेको हो ।

■ ■ ■

रास्वपाको उम्मेदवार...

पराजुलीका अनुसार उम्मेदवार छनोट सर्वसम्मत प्रक्रियाबाट टुंगो लगाइने छ । यदि एकभन्दा बढी आकांक्षी भएमा 'प्राइमरी' मतदानमार्फत उम्मेदवार चयन गरिने छ ।

यसैगरी रास्वपाले स्थानीय तहको उपनिर्वाचनका लागि सातै प्रदेशमा निर्वाचन परिचालनको जिम्मेवारी तोकेको छ । केन्द्रीय निर्वाचन संयोजन समितिका संयोजक गणेश पराजुलीको सभापतित्वमा बुधबार बसेको बैठकले प्रतिनिधिसभा सदस्य एवं केन्द्रीय सदस्यहरूलाई निर्वाचन परिचालनको जिम्मेवारी तोकेको कार्यवाहक प्रवक्ता मनिष झाले जानकारी दिए ।

रास्वपाले कोशी प्रदेशमा निशा डाँगीलाई जिम्मेवारी तोकेको छ । डा चन्दा कार्कीलाई मधेश, शिशिर खनाललाई बागमती, विन्दाबासिनी कंसाकारलाई गण्डकी, केन्द्रीय सदस्य कुसुम महर्जनलाई लुम्बिनी, लिमा अधिकारीलाई कर्णाली र विष्णुकुमार श्रेष्ठलाई सुदुरपश्चिमको जिम्मेवारी तोकेको छ ।

Madane Rural Municipality
Office of the Rural Municipal Executive
Purkotdaha, Gulmi
Invitation for Electronic Bids
1st Date of Publication: 8th November, 2024 (23rd Kartik, 2081)

1. Madane Rural Municipality, Purkotdaha, Gulmi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB. Name and identification of contracts are mentioned below and the details are in the bidding document.

S. No.	Contract ID.	Description of Work	Estimated Amount (Without VAT and contingencies)	Bid Document Fee	Bid Security Amount	Bid Submission Deadline	Bid Opening Date and Time
1.	OMDRM-GUL-G-NCB -01-2081/82	Supply and delivery of medicine and surgical items to Madane RM	NPR. 33,00,000	NPR. 3,000	NPR. 75,000	8th December, 2024 12:00 Noon	8th December, 2024 13:00 hrs.

Bank Name	Name of Office	Deposit Account Name and No.	
Agriculture Development Bank	Madane Rural Municipality Purkotdaha, Gulmi	Madane Rural Municipality Ga 1.1 Internal Revenue 0425401499748114	Madane Ga.Pa.Ga.3.1 Local Level Dep 0425401499478041

2. Bid Validity Period shall be 90 days after bid opening, and Bid Security Validity Period shall be 30 days beyond the bid validity period.
3. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
4. For other information, refer to bid document or contact 9857049049, 9867132131.

Chief Administrative Officer

आजको राशिफल

आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शुक्रबार, २३ कात्तिक, २०८१

मेष	समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ।
वृष	अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको
मिथुन	शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ ।
कर्कट	केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ।
सिंह	आफ्नै बेहोसीले नोक्सान पुर्याउला।
कन्या	रोकिएका काम बन्नाले उत्साह जाग्नेछ ।
तुला	धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ।
वृश्चिक	मार्गदर्शन अनुचित लाग्नेछ ।
धनु	लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।
मकर	कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन ।
कुम्भ	परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ।
मीन	परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला पहरी भक्तपुर)	६६१४८२१
आकस्मिक पहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
वालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस् अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६र६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातब्य	४२५५५४०/४२५५५४१
चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३१५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर टयाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

२३ कात्तिक, २०८१ (०८ नोभेम्बर, २०२४)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपैयाँ	१०० को	१६०।००	१६०।१५
अमेरिकी डलर	१ को	१३४.२९	१३४.८९
युरो	१ को	१४६.४०	१४७.०५
पाउन्ड स्टिर्लङ	१ को	१७४.०७	१७४.८५
स्विस फ्रैन्क	१ को	१५५.५५	१५६.२४
अस्ट्रेलियन डलर	१ को	८८.५७	८८.९७
क्यानाडियन डलर	१ को	९६.५२	९६.९६
सिङ्गापुर डलर	१ को	१०२.००	१०२.४६
जापानी येन	१० को	८.८५	८.८९
चिनियाँ युआन	१ को	१८.९३	१९.०२
साउदी अरब रियाल	१ को	३५.७५	३५.९१
कतारी रियाल	१ को	३६.८५	३७.०१
थाई भाट	१ को	३.९८	४.००
संयुक्त अरब इमिरेट दिराम	१ को	३६.५६	३६.७२
मलेसियन रिङेट	१ को	३०.७१	३०.८५
दक्षिण कोरियन वन	१०० को	९.७८	९.८२
स्विडिस क्रोनर	१ को	१२.५८	१२.६४
डेनिस क्रोनर	१ को	१९.६३	१९.७२
हङकङ डलर	१ को	१७.२८	१७.३५
कुवेती दिनार	१ को	४३८.४०	४४०.३६
बहराइन दिनार	१ को	३५६.२०	३५७.७९

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

तस्बिरमा छठको रौनक


१


२


३


४


५


६

१) छठ पर्वका अवसरमा बिहीबार धनुषाको क्षीरेश्वरनाथ नगरपालिकाको महेन्द्रनगरस्थित औरही खोला छठ घाटमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै भक्तजन ।
२) राष्ट्रपति रामचन्द्र पौडेलले बिहीबार काठमाडौंको कमलपोखरीमा छठी माताको पूजा अर्चनापश्चात् अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै ।
३) ललितपुरको सानेपास्थित राम मन्दिरसँगैको बागमती नदी किनारमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै भक्तजन ।
४) सप्तरीको राजविराज नगरपालिका-३ स्थित कल्टुपोखरीमा बिहीबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै ब्रतालु भक्तजन ।
५) पश्चिम नवलपरासीको सरावल गाउँपालिका-४ बडसारमा छठी माताको पूजा आराधना गर्दै भक्तजन ।
६) वीरगञ्जको घडीअर्वा पोखरीमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै महिला भक्तजन ।

तस्बिरहरू: रासस

कोप-२९ : नेपालले तय गर्‍यो 'एजेण्डा'को प्राथमिकता

COP29
Baku
Azerbaijan

काठमाडौं (प्रस)– यही कात्तिक २६ गतेदेखि आगामी मंसिर ७ सम्म अजरबैजानको बाकु सहरमा आयोजना हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रको २९औं सम्मेलन (कोप-२९) तयारी अन्तिम चरणमा पुगेको छ। यसका लागि लागि वन तथा वातावरण मन्त्रालयले आवश्यक काम पूरा भएको जनाएको छ।

सम्मेलनको पूर्वसन्ध्यामा हुने विभिन्न बैठकमा भाग लिन र आवश्यक तयारी गर्न मन्त्रालयका तीन सहसचिवलगायत विज्ञसहितको टोली उद्घाटनको एक साताअघि नै बाकु पुगिसकेका छन्। सम्मेलनमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन मन्त्रालयले 'एजेण्डा'को प्राथमिकता निर्धारण गरेको छ । सम्मेलनमा मुख्यतया अनुकूलन हानि नोक्सानी, जलवायु वित्त, प्रविधि विकास र हस्तान्तरण क्षमता विकास अल्पविकसित राष्ट्रहरूको विषय प्रमुख रूपमा उठान गरिने वनमन्त्री ऐनबहादुर शाही ठकुरीले जानकारी दिए ।

मन्त्रालयले यसअघिका सम्मेलन र अन्य अन्तर्राष्ट्रिय मञ्चहरूमा उठाएका विषयहरू, संसदीय समितिबाट प्राप्त निर्देशन, विभिन्न चरणमा सरोकारवालाहरूसँग गरेका छलफल तथा प्राप्त सुझावका आधारमा राष्ट्रिय स्थितिपत्र तयार गरेको छ। राष्ट्रिय स्थितिपत्रमा विशेषगरी हानि तथा नोक्सानी, पर्वतीय क्षेत्र र जलवायु वित्तका मुद्दालाई प्राथमिकतामा राखेको उनले बताए ।

कोप-२९ सम्मेलनमा नेपालले राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा सहभागिता जनाउँदै छ। उनले उद्घाटनका अवसरमा आयोजना हुने उच्चस्तरीय सत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'मा सम्बोधन गर्ने छन् । यसका साथै नेपालले आफ्ना मुद्दाका बारेमा विश्वको ध्यानाकर्षण गराउन नोभेम्बर १३ तारिखमा राष्ट्रपति पौडेलको नेतृत्वमा छुट्टै उच्चस्तरीय सत्र सञ्चालन गर्ने तय भएको बताइएको छ । सम्मेलनस्थलमा नै 'पर्वतीय क्षेत्रमा जलवायुजन्य हानि तथा नोक्सानीको सम्बोधन' सत्र सञ्चालन गर्न नेपालले युएनएफसिसिसीबाट अनुमति प्राप्त गरिसकेको छ।

उच्चस्तरीय बैठकमा संयुक्त राष्ट्रसंघका प्रतिनिधि, पर्वतीय मुलुकका प्रमुख तथा प्रतिनिधि, विकास तथा साझेदार निकायका प्रमुख तथा प्रतिनिधि, सरोकारवाला निकायका प्रतितिधि सहभागिता रहने जनाइएको छ । सो सत्रमा नेपालले मेलम्ची, मुस्ताङ, कञ्चनपुर, थामे, काठमाडौं उपत्यकालगायत क्षेत्रमा असामान्य मौसमीजन्य घटनाका कारण आएको बाढी पहिरो तथा त्यसबाट भएको क्षतिबारे जानकारी गराउने तयारी गरेको छ। परिवर्तित जलवायुका कारण नेपालमा मनसुनी वर्षाको प्रकृति, मात्रा तथा समय तालिकामा व्यापक हेरफेर देखिन थालेको छ । यही वर्षमात्र भएका जलवायुजन्य विषद् (हिमताल विष्फोट, बाढीपहिरो) बाट भएको धनजनको क्षतिका कारण नेपालले अकल्पनीय हानि नोक्सानी व्यहोर्नुपरेको छ।

सम्मेलनमा नेपालले गरेका प्रतिबद्धता र उपलब्धि

नेपाल जलवायु परिवर्तनबाट बढी प्रभावित हुने मुलुकको सूचीमा अग्रपंक्तिमा भए पनि जलवायुसम्बन्धी सम्मेलन र अन्तर ाष्ट्रिय मञ्चहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । सम्मेलनहरूमा नेपालले महत्त्वाकांक्षी प्रतिबद्धता व्यक्त गर्दै त्यसलाई कार्यान्वयनसमेत गर्दै आएको छ।

नेपालले पेरिस सम्झौताबमोजिम २०७७ मा दोस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी) र २०७९ मा राष्ट्रिय अनुकूलन योजना (एनएपी) पेस गरिसकेको छ। यसैगरी नेपालले २०७८ मा तेस्रो राष्ट्रिय सञ्चार प्रतिवेदन, राष्ट्रिय जलवायु संकटासन्नता तथा जोखिम मूल्यांकन प्रतिवेदन, दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति, हानि नोक्सानीको राष्ट्रिय खाका, र २०८० मा राष्ट्रिय रूपमा निर्धारित योगदानको कार्यान्वयन योजना स्वीकृत गरी लागू गरिरहेको छ। साथै, यसै वर्ष नेपाल सरकारद्वारा जारी भएको १६औं योजनामा जलवायु अनुकूलन, उत्थानशील तथा हरित अर्थतन्त्रलाई प्रमुख प्राथमिकतामा राखिएको छ।

कोप-२६ मा नेपालले सन् २०३० सम्ममा ४५ प्रतिशत वन क्षेत्र कायम गर्ने र सन् २०४५ मा कार्बन उत्सर्जनलाई शून्यमा पुर्‍याउनेजस्ता महत्त्वाकांक्षी योजनाहरू प्रस्तुत गरेको थियो । वन क्षेत्र संरक्षण र विस्तारमा नेपालले समय अगावै लक्ष्यभन्दा बढी प्रगति हासिल गरिसकेको छ । नेपालले अन्तर्राष्ट्रिय समुदायसामु हरित र उत्थानशील विकासतर्फ आफ्ना महत्त्वाकांक्षी लक्ष्य हासिल गर्न जलवायु वित्तमा सहज एवं पर्याप्त पहुँच तथा सबै राष्ट्रको साथ र सहयोगको अपेक्षा गरेको छ।

लुक्लामा एकैदिन १८४ उडान

सोलुखुम्बु (प्रस)– सोलुखुम्बुको तेञ्जिङ हिल्लारी विमानस्थल लुक्लामा बिहीबार एकैदिन एक सय ८४ वटा हवाई उडान भएको छ। उक्त विमानस्थलमा हेलिकप्टर र जहाज गरी एक सय ८४ वटा उडान भएको नेपाल नागरिक उड्यन प्राधिकरण लुक्लाले जनाएको छ।

कार्यालयका प्रमुख उमेश पन्थीका अनुसार मौसम खुलेसँगै हेलिकप्टरले एक सय ५२ तथा जहाजले २३ वटा उडान भरेका हुन् । जहाजको उडानमा तारा एयरलाइन्स र समिट एयरलाइन्सले १२/१२ उडान तथा सीता एयरलाइन्सले आठ वटा उडान भरेको प्राधिकरण प्रमुख पन्थीले बताए। हवाई सेवाबाट मात्रै तीन सय ९६ जना विदेशी र एक सय ३६ जना नेपाली गरी कूल पाँच सय ३२ जना पर्यटक लुक्ला भित्रिएका जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिए।

घिमिरेका अनुसार उक्त संख्यामा पर्यटक भित्रिँदा तीन सय ३६ जना विदेशी र एक सय २६ जना नेपाली गरी कूल चार सय ६२ जना पर्यटक हवाई सेवामार्फत लुक्लाबाट बाहिरिएका छन् । नाम्चेबाट चार सय ७५ जना विदेशी पर्यटक उकालो लाग्दा तीन सय तीन विदेशी पर्यटक फर्किएको प्रहरीको तथ्यांक छ।

'सगरमाथा क्षेत्र आउने पर्यटक अहिले पनि उत्साहजनक नै मान्नुपर्छ तर चिसो मौसम सुरु भएकाले फर्किनेक्रम पनि त्यतिकै रहेको छ', सगरमाथा प्रदूषण नियन्त्रण समितिका अध्यक्ष लामाकाजी शेर्पाले भने।

Armed Police Force, Nepal Headquarters
Procurement Division, Halchwok, Kathmandu, Nepal.

NOTICE OF SEALED QUOTATION AWARD

Date of publication: 2081/07/23

As per section 27(2) of Public Procurement Act-2063, This is to notify all the concerned Parties that it is our intention to award mentioned Contracts (IFQ No: APFN/SQ/G/01/2081/082) published on National Daily Newspaper Prabhab on 2081/06/20 to the lowest evaluated substantially responsive bidder as mentioned below.

S.N.	Contract ID No.	Name of Procurement	Selected Bidder	Bid Amount (Including VAT) NRs.
1.	APFNSQ/G/01/ 2081/082/03	Pad Vending Machine	Resika Trade Circle Pvt. Ltd., Dhading	19,17,694/75

Note:-

Procurement Process of Contract ID No. APFN/SQ/G/01/2081/082/01, APFN/SQ/G/01/2081/082/02, APFN/SQ/G/01/2081/082/04, APFN/SQ/G/01/2081/082/05 & APFN/SQ/G/01/2081/082/06 has been cancelled as per Public Procurement Act & Regulation.

मोटरसाइकल हराएको सूचना

मिति २०८१/०७/१३ गते का.जि.का.म.न.पा १६, बसन्तनगर, काठमाडौंबाट पार्किङ गरी राखेको कालो, रातो रङ्को 220 Pulsar मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

कम्पनीको नाम : हुलास फिन्स सर्भ लि.
ऋणीको नाम : रन्जित कुमार सरदार
बाइक नं.: बा.प्र. ०२-०४२ प ८६८५
च्यासिस नं.: MD2A13EX6MCJ97246
इन्जिन नं. : DKXCMJ 31559
ठेगाना: बसन्तनगर, काठमाडौं
सम्पर्क: ९८१३९५१५११

मोटरसाइकल हराएको सूचना

उत्तम बयलकोटीको नाममा रहेको । निम्न व्योहोरा रहेको मोटर साइकल मिति २०८१/०७/१४ गते का.जि.का.न.पा टुडिखेलको कम्पाउण्ड भित्र पार्किङबाट रातीको ०८:०० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनु होला।

प्रकार – Bajaj Pulsar 220 C.C.
बाईक नं. BA Pra-02-052 PA 9008
चेसिस नं. MD2A13EX1RCD82296
इन्जिन नं. DKXCRD29528
रङ – BLACK/RED
ठेगाना – Kathmandu
सम्पर्क – 9840161963

MAURITIUS मा रोजगार कम्पनी : China Jiangsu Construction Group Corp.

पूर्व स्वीकृति मिति : २०८१/०३/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२२ LT. No. 306555 चलानी नं. ६०२२१३७४

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	MUR	ने.रू.							
1	Tile Mason	25	0	18000	५२,४१	श्र.नि. अनुसार	८ घण्टा	६ दिन	श्र.नि. अनुसार	छ		२ वर्ष
2	Steel Fixer	10	0	18000	५२,४१०							
3	Driver (Heavy Lorry	8	0	18000	५२,४१०							
4	Cook	2	0	18000	५२,४१०							
5	Block Mason	31	0	18000	५२,४१०							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक ३० गते (15th Nov. 2024) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

कुवेतमा रोजगार कम्पनी : OH MY NAILS LADIES BEAUTY SALON

पुर्व स्वीकृति मिति २०७९/१२/१४ पून: विज्ञापन स्वीकृति मिति २०८१/०७/२२ LT. No. 283547 चलानी नं.६०१९८९६६

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	KD	ने.रू.							
1	Hairdresser / Beautician	0	4	150	६६,१२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Manicure/pedicure	0	4	150	६६,१२०							

कम्पनी : CITY GROUP GENERAL TRADING COMPANY

पुर्व स्वीकृति मिति २०८१/०१/३० पून: विज्ञापन स्वीकृति मिति २०८१/०७/२२ LT. No. 304601 चलानी नं.६०२१९३६६

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	KD	ने.रू.							
1	Cleaner/helper/worker	20	20	110	४८,४९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Office Admin Assistant/team Leader	5	5	250	११०,२०५							
3	Security Guard/security Officer/guard/watchman/wat	30	0	130	५७,३०५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक ३० गते (15th Nov. 2024) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd. Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

कुटनीति बलियो बनाऊ

भनिन्छ – साथी फेर्न सकिन्छ, छिमेकी फेर्न सकिन्न। छिमेकीसँग ठाकठुक परेपनि ठिकठाक पार्न सक्नुपर्छ। तर यो विषयमा नेपाल पछिल्लोपटक असफलताको बाटोतिर लम्किरहेको छ। यसपटक नेकपा एमाले र नेपाली कांग्रेसको समीकरणमा केपी शर्मा ओली प्रधानमन्त्री बनेपछि यो प्रकरण गम्भीर मोडतिर पुगेको देखिन्छ।

काठमाडौंमा जोसुकै प्रधानमन्त्री बनेपछि नयाँ दिल्ली जाने परम्परा नै हो। यही परम्परा बस्नुपर्छ भन्नेमा नेपालीको जोड होइन। तर बालुवाटार पुग्नेवित्तिकै प्रधानमन्त्रीको कूर्सीमा पुग्नेहरू आफैले यो परम्परामा निरन्तरता दिन हत्ते गर्छन्। यस्तै हत्ते गरे प्रधानमन्त्री ओलीले। कतिसम्म भने भारतले निम्तो देओस् भनेर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई तीनतीन पटक नेपाल भ्रमणको निम्तो पठाए।

ओलीको निम्तोको कुनै रेस्पोन्स त आएन नै अमेरिकामा भेट्दासमेत मोदीले ओलीलाई कुनै भाउ दिएनन्। ओलीलाई मोदीले मात्र हैन सार्कस्तरीय कुनै भेटवार्ता र निम्तो पनि भएन। अमेरिकामा संयुक्त राष्ट्रसंघको कार्यक्रम पुग्दा त्यहाँका कुनै सरकारीस्तरको कार्यक्रममा पनि नेपालका प्रधानमन्त्रीको कार्यक्रम हुन सकेन। नेपाली प्रधामन्त्रीहरू त्यहाँ पुग्दा बिहेमा बेहुलाबेहुलीसँग फोटो खिचाए झैं त्यहाँका राष्ट्रपतिसँग फोटो खिच्ने त पुरानै चलन हो।

भारतले वेवास्ता गरेपछि ओली अब चीनतिर जान लागेका छन्। मंसिर १६ गते चीनतिर जान लागेका ओलीसँग चीन जानुपर्ने कुनै मुद्दा छैन। भुगोल, मौसमका कारण चीनसँग नेपालले भरपर्नुपर्ने खासै कारण पनि देखिँदैन। तर भारत–नेपाल जुन खुला सीमाका कारणमात्र हैन अनेकन आवश्यकताले साइनो जोडिएको दुई देश हो। भारतलाई विभिन्न समयमा चिढ्याउँदै आएका ओलीका कारण अहिले कुटनीति नै गम्भीर मोडमा पुगेको हो।

प्रधानमन्त्रीजस्तो व्यक्तिले हल्काफुल्का टिप्पणी गर्दा देशलाई निकै अप्ठेरो पर्नेसमेत देखिन्छ। विवादित सीमाहरूमा दुईपक्षीय सहमतिमा समाधान खोजिनुपर्छ। कुटनीति यस्तो नीति हो जुन परिस्थितिअनुसार लचक हुन नसके देशले त्यसको हानी व्याहर्नुपर्छ। क्षणिक वाहवाहीका लागि उटपटयाङ निर्णय देशले धान्न सक्दैन। यस्तो विषयमा गम्भीर भएर सुझावमा चल्नुपर्छ। कुनैबेलाको उटपटयाङ निर्णयले अहिले ओलीलाई सम्बन्ध सुधार्न निकै सकस भइरहेको छ। जसलाई पहिलो दल र कुटनीतिमा अब्बल भनेर दाबी गर्ने नेपाली कांग्रेसले पनि मेलोमा ल्याउन सकेको छैन। प्रधानमन्त्री बनेको चार महिना पुग्दा पनि कुनै ग्रिन सिग्नल नपाएपछि घुर्क्याउन भएपनि ओली उत्तरतिर जान लागेका छन्। घुम्नैपर्छ, जानैपर्छ। तर बलजफ्तीमा लाग्नुभन्दा सम्बन्ध सुधार्नतिर लागौं।

मनन्योग्य

चाणक्य नीति

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए। चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु। ती पण्डितजी आफ्नो गाउँमा पुगे। दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए। एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो। के हजुर मलाई शिक्षा दिनुहुन्छ !' 'किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो। म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने।

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले। उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो। कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे। यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए। उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ। तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ। मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ। क्रमशः

प्रकोपसँगै बाँच्न सिकौं

■ विश्वमणि पोखरेल

> प्रकोप हाम्रो नियति हो, प्रकोपलाई ध्यानमा राख्दै विकास गरौं, प्रकोपसँगै बाँच्न सिकौं। यसपटकको बाढी, डुबानबाट हामीले सिक्नुपर्ने कुरा यही नै हो। निश्चय पनि हामीलाई स्वतन्त्रता चाहिएजस्तै प्रकृति पनि स्वतन्त्र हुन चाहन्छिन्, स्वतन्त्र भएर नै उनी पुष्पित, पल्ववित, सिञ्चित र पोषित गर्न चाहन्छिन्। प्रकृतिको भाषा र भाका बुझ्ने प्रयत्न गरौं। निश्चय नै यसपछि हामीले यस्ता विपदहरूको सामना गर्नु पर्दैन।

नेपालको सामाजिक, राजनीतिक परिवेशलाई छोटो शब्दमा अर्थ्याउनुपर्‍यो भने भन्ने गरिन्छ, 'मनसुन र भनसुनले चलेको देश'। यो वर्ष मनसुनको याम अन्त्य नेपालबाट बिदा भएको छ। सामान्यतया प्रत्येक वर्ष जेठ दोस्रो सातादेखि असोज दोस्रो सातासम्म नेपाललगायतका दक्षिण एसियाली देशमा मनसुनका बादल छाउँछ र त्यसले वर्षा गराउँछ। नेपालको प्रमुख बाली धान यसै मनसुनी वर्षात्मा रोपिन्छ। धान, मकै, कोदोलगायतका बालिनालीका लागि अमृतसरह जल दिने मनसुनी बादल हाम्रो कृषि अर्थतन्त्रका लागि वरदान मानिन्छ। हुन त मनसुनमा परेको प्रशस्त पानीले बाढी, पहिरो निम्त्याउँछ। मनसुनका छ महिना बाढी, पहिरोको उच्च जोखिमको समय पनि हो। एकातिर वरदान अर्कोतर्फ बर्बादी दुवै क्षमता राख्दछ मनसुनले। मनसुनी वर्षाको ठेगान हुँदैन, कहिले खडेरी पर्दछ, कहिले अतिवृष्टि हुन्छ, कहिले खण्डवृष्टि हुन्छ।

समग्रमा भन्नुपर्दा मनसुन राम्रो अर्थात् किसानको हितकारी भयो भने धान राम्रो फल्छ। अन्य बालिनाली, बोट वनस्पतिलाई पोषक बन्दछ। अहिले पनि मुलुकको ठूलो भूक्षेत्र आकासेपानीको भरमा रहेकाले आमकिसान र मनसुनसँगको नाता गहिरो छ। यही मनसुन यस वर्ष अभिसाप बनेर गएको छ। मनसुन अघिल्ला वर्षहरूभन्दा केही समय लम्बियो। मनसुन र पश्चिमबाट आउने बादल मिसिएर असोजमा १० गतेदेखि १२ गतेसम्म मनसुनले वितण्डा मच्चायो। बाढी, पहिरोमा परी २४६ जनाको ज्यान गयो, १८ बेपत्ता छन्, १७८ जना घाइते भएको सरकारी तथ्यांक छ।

भनसुनबाट चलेको देश भन्ने उक्ति भने सरकारी सेवा प्रवाहसँग जोडिन्छ। नेपाली समाजमा लामो समयदेखि भनसुनबाट काम हुने परम्पराबाट ग्रस्त बनेको छ। सामान्य प्रशासनिक काम कारवाहीदेखि न्यायिक सम्पादनसम्ममा भनसुनको प्रभाव प्रवल देखिन्छ। भनसुनबाट काम हुनु भनेको नियम कानुनले दिएका नागरिक अधिकार गौण हुनु हो, कुण्ठित, खण्डित हुनु हो। भनसुनबाट काम हुनु भनेको चिनाजानी, नातागोता, माथिल्लो तहको निर्देशन, आदेश तथा प्रभाव, पहुँच, आर्थिक सौदाबाजी जे पनि हुनसक्छ। नेपालको प्रशासनिक वृतमा जरो गाडेको भनसुन प्रवृति संघीय लोकतान्त्रिक गणतान्त्रिक राजनीतिक व्यवस्थामा आइपुग्दा पनि नियन्त्रण हुनुको सट्टा झन्झन् विस्तारित भइरहेको देखिन्छ।

अब मनसुनलगायत प्रकोपका कुरा गरौं। जब प्रकोपको कुरा आउँछ, हामी आफैंले आफैंलाई सोध्नुपर्ने प्रश्नहरू सामुन्ने आउँछन्। हामी कहाँ छौं, कस्तो ठाउँमा बसेका छौं ? उत्तर सरल छ, हामी चलायमान हिमालयको काखमा छौं, जसको चञ्चलता करोडौं वर्षदेखि जारी छ। हिमालय उचालिने क्रम रोकिएको छैन। दक्षिण भिरालो परेर हिमालय, महाभारत शृंखला, चुरे र तराईको मैदानमा फैलिएको नेपाल, हामीले आफ्नै निधारबाट डोरी तानेर बूढी औंलामा जोड्यौं भने जस्तो भिरालो बन्दछ, त्यस्तै भूखण्डमा छौं। आजभन्दा पाँच करोड २० लाख वर्ष अघिसम्म अहिलेको हिमाल थेथिस महासागरको गर्भमा थियो। प्रत्येक वर्ष औसत पाँच सेन्टिमिटरको दरले हिमालय उचालिइरहेको भूगर्भवेत्ताहरूको कथन छ। यस हिसाबले सर्वोच्च शिखर सगरमाथा निकै अग्लो पो हुनुपर्ने हो। तर, उच्च भिरालोका कारण क्षयीकरण तीव्र हुँदै आयो, मनसुनमा हुने अधिक वर्षाले खियाउँदाखियाउँदै अहिलेको सगरमाथा आठ हजार ८४८.८६ मिटरको उचाइमा सीमित हुन पुगेको हो।

यसबाट हामी के भन्न सक्छौं, विश्वको सर्वोच्च शिखर सगरमाथा भूक्षयीकरण भएर बाँकी रहेको खण्ड नै सर्वोच्च शिखर कहलिएको हो। हामी भूकम्पका हिसावले उच्च जोखिममा छौं। गोरखा भूकम्प, जाजरकोट भूकम्पले सबक सिकाइसकेको छ। बाढी, पहिरो हाम्रो नियति नै हो। बर्सेनि औसत २८० जनाको बाढी, पहिरोबाट मृत्यु हुन्छ। यसपालि औसतभन्दा झण्डै दोब्बर बढीको मृत्यु नै भएको मानिन्छ। हामी जोखिमबीच छौं, चुरे, महाभारत, उच्च हिमाल सबै मन्द गतिमा उचालिने क्रममा छन्। हिउँद्मा चिसो, ठण्डी, वैशाखपछि असोजसम्म गर्मी त्यो सँगै मध्य जेठपछि असोजसम्मको मनसुनी वर्षा अनि बाढी, पहिरो हाम्रा नियति हुन्।

हामी जस्तो भूखण्डमा बसेका छौं, प्राकृतिक हिसाबले जस्तो खतरामा छौं, त्यहीअनुसारका पूर्वाधार विकास अख्तियार गर्नुपर्‍यो। जस्तो प्रकृति छ, त्यसै अनुसारको जीवनयापन अंगाल्नुपर्‍यो। प्रकृतिमाथि जथाभावी गर्दा प्रकृतिलाई सहच भएन, यसपटक विष्फोट भयो र सबैभन्दा बढी मानवीय र भौतिक क्षति राजधानी उपत्यकामै भयो। यसबाट हाम्रा नीति निर्माणको तहमा बसेकाहरूलाई झस्काएको हुनुपर्ने हो, तीनै तहका सरकार सचेत हुनुपर्ने हो। निश्चय पनि छोटो समयमा मुलुकभरि धेरै पानी पर्‍यो, अधिक वर्षा भयो। के यो वर्षमात्रै यति ठूलो वर्षात् भएको हो त ? काठमाडौंमा मौसम रेकर्ड राख्दा ५४ वर्षयता रेकर्ड भएको अधिक वर्षा भयो, २४१ मिलिलिटर। २०५० सालमा धादिङ, मकवानपुरमा अहिलेको भन्दा धेरै पानी वर्षिएको होइन र ? मौसमको १०, २०, ३०, ४०, ५० र १०० वर्षको साइकलको अनुमानमा आधारित भएर पूर्वाधार विकासका काम गर्नुपर्ने हो, वैज्ञानिक तरिका यही हो। काठमाडौं उपत्यकामा पोहोर, परार पनि बाढी आएको थियो। खोला किनाराका बस्तीहरू डुबाएको थियो। यसपालि धेरै आयो। राजधानी उपत्यकामै ३४ जनाको मृत्यु भयो।

मौसम विभागको रेकर्डमा २२ वर्षअघि काठमाडौं विमानस्थलमा १७७ मिलिलिटर पानी परेको थियो, यसपालि करिब २४० मिलिलिटर वर्षा भयो। त्यस्तै ललितपुरको लेलेमा सन् २००२ मा २०० मिलिलिटर पानी परेको थियो भने यसपटक ३२३ मिलिलिटर वर्षियो। अब प्रश्न पानी नै धेरै पर्‍यो हामीले थाम्न नसक्ने गरी परेको हो त ? हाम्रो प्रकोप व्यवस्थापकीय क्षमताभन्दा ठूलो चुनौती आएको हो ? एकैपटक मुलुकका धेरै स्थान प्रकोपमा परेको अवस्थामा हामीले त्यति धैरै क्षमता राखेका रहेनछौं भन्नै स्पष्ट भयो। यो सँगै मानवीय, भौतिक र प्राविधिक क्षमताको कुरा गर्दा हामी जस्तो मुलुकमा छौं, त्यसअनुसारको तयारी गरेका रहेनछौं भन्ने कुरा यो पटक अझ छर्लंग भयो, अघिल्ला वर्षहरूका संकेत र अनुभवबाट हामीले सिकेका रहेनछौं।

सन् १९९० मा नेपालले संयुक्त राष्ट्रसंघको प्राकृतिक प्रकोप न्यूनीकरण दशक मनायो। त्यसैबेलादेखि प्रकोपमा काम गर्ने बेग्लै निकायको आवश्यकता ठानिएको थियो र सरोकारवालाहरूले वकालत पनि गर्दै आएका हुन्। तर, गृह मन्त्रालय दैवी प्रकोपको सोचबाट मुक्त हुन नसकेको उदाहरण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको गठनले स्पष्ट गरेको छ। गृहमा पहिला प्रकोप न्यूनीकरण र व्यवस्थापन दैवीप्रकोप शाखा थियो, पछिल्लो समय त्यसलाई महाशाखा बनाइयो र २०७६ मा गठन भएको प्राधिकरण पनि गृह मन्त्रालयकै मातहतको एउटा अड्डा बन्न पुगेको छ। खासमा गृह मन्त्रालय शान्ति, सुरक्षासँग सम्बन्धित चासो राख्ने निकाय हो। विपद्को समयमा तत्काल, राहत र उद्धारमा प्रहरी, सशस्त्र प्रहरी र सेना आ-आफ्नो हिसाबले सक्रिय हुन्छन् नै। विपद्पछि र विपद्अघिको प्राविधिक, व्यवस्थापकीय, समन्वयात्मक र स्रोत परिचालनजस्ता मामला गृह मन्त्रालयका प्रशासकहरूबाट हुनसक्ने कुरा भएन।

अनुसन्धानको काम कसले गर्ने ? सरकारका खानी विभाग, सहरी विकास विभाग, सिँचाइ विभाग, सडक विभागमा प्राविधिक जनशक्ति छन् र ती निकायमा अध्ययनका ठेली पनि छन्। त्यस्तै त्रिभुवन विश्वविद्यालय भूगर्भशास्त्र अध्ययन विभागमा पनि शैक्षिक जनशक्ति र स्रोत सामग्री छन् तर ती स्रोत, साधनको उपयोगबारे गम्भीर जवाफदेही कसैको पनि देखिन्न।

अब कुरा गरौं, राजधानी उपत्यकाको। गत असोज १०-१२ को दुई दिनको वर्षा र बाढीबाट काठमाडौं, ललितपुर र भक्तपुरमा ३४ जनाको मृत्यु भयो, जनजीवन तहसनहस भएको थियो। काठमाडौं मुलुकको राजधानी हो। यही राजधानी रहेको उपत्यकामा दुई महानगरपालिका छन्। भौतिक विकासका संरचना बनाउँदा प्रकोपलाई ध्यानमा राखेर १०, २०, ३० जस्तै ५०, १०० वर्षको मौसमी चक्रलाई ध्यानमा दिने गरिनुपर्ने हो। भूकम्प, बाढी, पहिरो, डुबानलगायतका प्रकोपलाई ध्यानमा दिएरमात्र संरचनाहरू निर्माण हुनुपर्ने हो। तर, त्यस्तो भयो होला त ?

उपत्यकामा बग्ने सबैजसो खोला किनारामा सडक बनाइएको छ, पर्खाल लगाएर नदीलाई नियन्त्रणमा लिइएको छ। दुवैतर्फ बाटो खोल्दा कम्तीमा १०-१२ मिटर जमिन खोलाबाट खोसियो। खोलाको बगर मिचियो, खोला किनारमा बस्ती बसे। ठूलो पानी पर्दा खोला भरियो, बस्ती, सहरबजारमा पानी पस्यो, डुबान भयो। दोषी पानी, प्रकृति कि हाम्रो विकास नीति ? गम्भीर विवेचना गर्नुपर्ने समय हो यो। खोला किनाराबाट बाटो बनाउने इञ्जिनियरहरूले कुनै भूगर्भविद्सँग परामर्श गरेका होलान् ? सायद गरेनन्। असोजको बाढी, डुबानको क्रममा मेडिसिटी अस्पताल र किस्ट मेडिकल कलेज डुबानमा परे। त्यहाँका बिरामीहरूलाई अन्यन्त्र सार्नुपर्‍यो। प्रकोपको समयमा अस्पतालहरूकै उद्धार गर्नुपर्ने भयावहता आएको थियो त ? होइन, खोलाको किनारमा अस्पताल निर्माण गर्ने स्वीकृति कसरी, कसले दिए ? खोजबिन हुन आवश्यक छ र तिनीहरू कारबाहीका भागिदार हुनुपर्दछ। भैंसेपाटीको मेडिसिटी खोलाको बगरमा छ, किस्ट मेडिकल कलेजमा संरचना कर्मनासा खोलाको वारिवारि छन्। यी संरचनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) कसले तयार गरेको हो ? खोजी गर्नुपर्ने विषय हो।

उपत्यकामा बाढी, डुबानको कुरा गर्दा यहाँ बग्ने खोलाहरूको प्रकृतिलाई उच्च ध्यान दिनुपर्ने थियो। अन्धाधुन्ध आवास, आवासअनुसार बाटाघाटा र खानेपानीको चरम अभाव उपत्यकाको विशेषता थिए। उपत्यकाका खोलाहरू सबै जमिनमुनिको पानी पुनर्भरण भएर बग्ने हुन्। कुनै पनि खोला हिउँ पग्लेर बग्ने होइनन्। सहरीकरणले एकातिर वर्षात्को पानी जमिनमुनि प्रवेश हुने प्रक्रियालाई नराम्ररी बिथोल्यो, अर्कोतर्फ खानेपानीका लागि अन्धधुन्ध जमिनको पानी निकालियो। जमिनबाट लिने काममात्र भयो, दिने काम भएन। जमिनमुनिको पानीको सतह तलतल झर्दै गयो, खोलाहरू पनि हिउँदमा सुक्न थाले।

खोलाका बगर मिचिनु, पोखरी र ढुंगेधाराहरू मासिनुको परिणाम वर्षात्मा परेको पानी जमिनमुनि पस्न पाएन। यसपालि जमिनले सोस्नसक्ने जति पानी सोसीसकेको थियो र लगातारको अधिक वर्षा थेग्न सकेन। वर्षात्को पानी बगेर सबै खोलमा पुग्यो। ढल, नालाबाट घरघरको पानी पनि सोझै खोलामा पुग्यो। खोलाहरू भरिभराउ भइसकेपछि ढलनालाको पानी बग्न पाएन, जताबाट आएको हो उतै फर्किन बाध्य भयो। उपत्यकाका कतिपय स्थानमा यस्तै प्रकृति देखियो। आवास क्षेत्र र सडकको नालालाई सोझै खोलामा मिसाउनु हुँदैन भन्ने आवाज पुरानो हो। खोलाको बगर मिचिए, पर्खाल लगाएर साँघगुर्‍याएपछि सीमित ठाउँबाट खोला बग्न थाले। खोलाले आफैंले बगाएर ल्याएका माटो, ढुंगा बालुवा थुपार्दै गयो।

एकातिर काठमाडौं उपत्यकाका सबैजसो खोलाहरूको चौडाइ मिचेर सीमित गरिएको छ भने अर्कोतर्फ खोला आफैंले आफ्नो गहिराइ पुर्दै आयो। परिणाम, खोलाहरूले आफ्नो क्षमताजति पानी पनि बगाउन, बोक्न, अटाउन सकेनन्। काठमाडौं उपत्यकाका खोलाहरू नागबेली आकारमा बग्न पाउनु प्राकृतिता हो। हामीले सडकहरू सोझ्याउने विकास नीति अख्तियार गर्‍यौं, त्यसको दुष्परिणाम भोग्दै छौं।

प्रकोप न्यूनीकरणको प्रभावकारी कार्यान्वयन हाम्रो आवश्यकता हो। यसका तीनवटा पक्ष छन्। प्रकोपपूर्वको तयारी, पुनर्स्थापना र राहत तथा उद्धार। हामी राहत तथा उद्धारको काममा केही जिम्मेवार देखिएका छौं। यसपटक पनि सरकारले सक्दो प्रयास गरेको हो। तर, प्रकोप बारेको अध्ययन, तयारी र पुनर्स्थापनाजस्ता विषयको जिम्मेवारी लिने निकायको अभाव देखिन्छ। प्रकोपमा काम गर्ने संस्थाहरूबीच समन्वय गर्ने परिपाटीको अभाव रहेको छ।

प्रकोप हाम्रो नियति हो, प्रकोपलाई ध्यानमा राख्दै विकास गरौं, प्रकोपसँगै बाँच्न सिकौं। यसपटकको बाढी, डुबानबाट हामीले सिक्नुपर्ने कुरा यही नै हो। निश्चय पनि हामीलाई स्वतन्त्रता चाहिएजस्तै प्रकृति पनि स्वतन्त्र हुन चाहन्छिन्, स्वतन्त्र भएर नै उनी पुष्पित, पल्ववित, सिञ्चित र पोषित गर्न चाहन्छिन्। प्रकृतिको भाषा र भाका बुझ्ने प्रयत्न गरौं। निश्चय नै यसपछि हामीले यस्ता विपद्हरूको सामना गर्नु पर्दैन। रासस

(भूगर्भशास्त्रका अध्यता लेखक वरिष्ठ पत्रकार हुन्)

छठ घाटमा पूजा सामग्री | धनुषाको जनकपुरधामस्थित गंगासागर पोखरीमा लोकआस्थाको महापर्व छठपूजाका लागि राखिएका पूजा सामग्री । *तस्बिरः अमरेन्द्रकुमार यादव/रासस*

भाइ–बहिनीको प्रेमको प्रतीक सामाचकेवा पर्व

■ **मरेन्द्रकुमार यादव**

धनुषाधाम– 'बिहुली आगे बिहुली...सामा जाइछै ससुरा किछ गहनो चाही गे डिहुली', राति अबेरसम्म यस्तै गीतले गुञ्जयमान हुने मैथिल समुदायमा दाजुभाइ तथा दिदीबहिनीबीचको पवित्र प्रेमको प्रतीकका रूपमा मनाइने सामाचकेवा पर्व बुधबारदेखि सुरु भएको छ । बुधबार कात्तिक शुक्ल पञ्चमीदेखि विधिवत्‌रूपमा सुरु भएको यो पर्व १० दिनसम्म चल्ने छ ।

दिदीबहिनीले दाजुभाइको दीर्घायु एवं मंगल कामना गर्ने र एकापसमा सम्बन्ध प्रगाढ हुने धार्मिक एवं सांस्कृतिक मान्यता रहिआएअनुसार यो पर्व मनाउने गरिन्छ भने पर्वमा माटाका कलात्मक मूर्ति बनाइने गरिन्छ । मूर्ति बनाउन भाइटीकाकै दिन माटो ल्याएर यो पर्वको शुभारम्भ गरिन्छ । छठ पर्वको खरनादेखि मूर्ति बनाउने कार्य सुरु गरी कात्तिक पूर्णिमाको मध्यरात यो पर्व समापन गरिन्छ ।

माटोबाट निर्माण गरिएका मानव, पशु र चराका मूर्ति काँचो अवस्थामा रहन्छ भने त्यसलाई 'सामा' भन्ने गरिन्छ र आगोमा पकाउने मूर्तिलाई 'चकेवा' भनिन्छ । यो पर्व मनाउने सिलसिलामा पहिलो दिन माटोको सिरी सामा बनाइन्छ । दोस्रो दिन चकेवा र त्यसपछि एकैपंक्तिमा बसेका सातवटा चराको मूर्ति बनाइन्छ ।

त्यसपछि क्रमिकरूपमा खररुचि भैया, बाटो बहिनो, दुईमुखे चरा, भाइबहिनी विमुख मूर्ति, परालको वृन्दावन जंगल र सनपाटको चुगिला अनिवार्यरूपमा बनाउने गरिन्छ । यसका साथै विभिन्न प्रकारका अन्य मूर्ति

कलात्मक ढंगले बनाउने गरिन्छ । ती मूर्तिलाई विभिन्न आकर्षक रङले रंगाइन्छ । यो पर्वका बेला माटाका कलात्मक मूर्ति बनाउन जान्नेले अरूलाई यो सीप सिकाउने गर्दछन् ।

यो पर्वको सबभन्दा रमाइलो पक्ष दिदीबहिनीले आफ्ना मनका कुरा निर्धक्क भएर गीतको माध्यमबाट प्रकट गर्छन् । आ-आफ्ना दाजुभाइको प्रशंसा गर्दै कुनै वस्तु माग गर्नुपर्‍यो भने गीतको माध्यमले गर्छन् । नातागोतामा पर्ने सम्पूर्ण दाजुभाइको गीतमा नाम उल्लेख गरी मध्यरातसम्म गीत गाउने गरिन्छ ।

यस अवसरमा दिदिबहीनीले गाइने गीत यस्तो छ-

'गामके अधिकारी तोहे बड्का भइया हो ।
...गामके अधिकारी तोहे बढ्का भइया हो ।
भैया दस हाथ पोखरी खुनाई दिय चम्पा फुल दगाय दिय हे'

अर्थात् गाउँको प्रमुख व्यक्ति मेरो दाजुभाइ होस् र उसले गाउँमा १० वटा पोखरी बनाई देओस । यो गीतमा विकास निर्माणको काम गरोस् भन्ने कामनासमते गरिएको छ । त्यसैगरी,

'गे माइ कौने भइया जेता अटना पटना
कौने भइया जयता मुंगेर,
गे माइ कौने भइया जेता अटना पटना कोन भैया जेता मुंगेर
कोने भइया जेतै शहर दरभंगा कोने जेता मुंगेर
गे माइ कौने भइया जेता अटना पटना कोन भइया जेता मुंगेर'

अर्थात् कुन-कुन दाजु सहर जानुहुन्छ । त्यहाँबाट मैले माग गरेका सामानहरू ल्याइदिन आमासँग भन्छु भन्ने यो गीतको अर्थ हो ।

यसपछि आँगनमा चामलको पीठोबाट बनाइएका कलात्मक अरिपनमा उनीहरूले निर्माण गरेका माटोका मूर्ति र सामाचकेवालाई चढाउनका लागि प्रसादका रूपमा नयाँ धानको चिउरा, धानको बाला, केरा, दही, चिनी र मिठाइ पान, सुपारी, अरुवा चामलसमेत बाँसको टोकरीमा राखेर पूजा गरिन्छ । त्यसपछि दिदीबहिनी गीत गाउँदै उक्त टोकरी बोकेर चौराहामा पुग्दछन् ।

यसरी चौराहामा दाजुभाइ र दिदीबहिनी जुटेपछि सामा नाम गरेको मूर्तिलाई फोड्ने कार्य सबभन्दा पहिले भाइबाट गराइन्छ । त्यस अवसरमा दिदीबहिनीले दाजुभाइलाई आशीष दिँदै यस्तो गीत गाउँछन्,

'जीवऽ जीव' जीवऽकी मोर भैया जीव'
कि तोर भैया जीव
जैसन धोवियाके पाठ तैसन भैयाक पीठ
जैसन करडिक थम्ह तैसन भैयाक जाँघ'

अर्थात् मेरो दाजुभाइ वर्षौं-वर्षसम्म बाँचून्, धोबीले लुगा धुने घाटजस्तै पिठयूँ र करडिकको बोटजस्तै तिघ्रा बलियो रहोस् ।

त्यसपछि सामाचकेवाको पुनःपूजा गरी केही मूर्ति उनीहरू एकापसमा साटासाटसमेत गर्छन् । केही मूर्ति फोड्छन् । लवीमा बनाइएको चुगिलामा आगो लगाएर यो पर्व सम्पन्न गरिन्छ ।

पुराणमा उल्लेख गरिएअनुसार कृष्णकी छोरी सामा वृन्दावनको जंगलमा घुमफिर गर्न गएको बेलामा 'डिहुली' नामक नोकरानीले कृष्णसमक्ष सामा वनका तपस्वी ऋषिसित रमण गरिरहेको झूठो कुरा लगाइन् । कृष्ण आवेशमा आएर वास्तविक कुरा नबुझी छोरी सामालाई चरा हुने श्राप दिए । श्रापका कारण चरा बनेकी बहिनीलाई मुक्त गराउन दाइ साम्बले घोर तपस्या गरी पुनः मानव चोलामा फर्काएको विश्वास गर्ने गरिन्छ । त्यसैको स्मरणमा पर्व मनाउने गरिएको जनाकारहरू बताउँछन् । *रासस*

क्षतिको विवरण प्राप्त नहुँदा पुनर्वास कार्यक्रम प्रभावित

काभ्रेपलाञ्चोक (प्रस)– गत महिनाको बाढीपहिरोमा परी यहाँ ७९ जनाले ज्यान गुमाए भने भौतिक सम्पत्तिमा पनि व्यापक क्षति भयो । कैयन् घरबारविहीन भए । त्यसपछि स्थानीय तह खोज, उद्धार तथा राहत सामग्री व्यवस्थापनमा लागेको महिना नाघिसकेको छ । क्षतिको वास्तविक विवरण तयार नहुँदा पुनर्वास कार्यक्रम प्रभावित भएको छ ।

विपद्‌पछि ४० दिन बितिसक्दा पनि स्थानीय तहले क्षतिको पूर्ण विवरण तयार गर्न नसक्दा संघ सरकारबाट प्राप्त हुने सहयोग उपलब्ध गराउन नसकिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले पटक-पटक विपद्‌पीडित उद्धार र राहतसम्बन्धी (सातौं संशोधन) मापदण्ड २०७७ बमोजिम विपद्‌बाट घर, बहाल, आवास नष्ट भएका वा खाद्यान्नबाली तथा जग्गा जमिन वा पसल व्यवसायसमेत नोक्सानी भई तत्काल गुजाराका लागि खाद्यान्नसमेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई यथाशीघ्र प्रतिपरिवार पाँच जनासम्मको हकमा १५ हजार रूपैयाँ र सोभन्दा बढी सदस्य भएमा २० हजार रूपैयाँका दरले जिल्ला विपद् व्यवस्थापन कोषबाट नगद उपलब्ध गराउने निर्णय भएको सहायक प्रमुख जिल्ला अधिकारी सुवास पौडेलले बताए ।

स्थानीय तहले क्षतिको विवरण उपलब्ध नगराउँदा राहत एवं पुनर्वासको कार्यक्रम प्रभावित भएको उनले बताए । अस्थायी आवास निर्माणका लागि ५० हजार रूपैयाँ उपलब्ध गराउने मापदण्डअनुसारको विवरण स्थानीय तहसँग माग गरिएको उनले जानकारी दिए । विशेषगरी अधिक क्षति भएको जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित पनौती नगरपालिका तथा बेथानचोक र रोशी गाउँपालिकामा पुनर्वास एवं आवास निर्माणका लागि तथ्यांक संकलन जारी छ । यी स्थानीय तह जिल्लाका १३ स्थानीय तहमध्ये अति प्रभावित क्षेत्र हुन् । यी क्षेत्रका स्थानीय आधारभूत भौतिक पूर्वाधारको अभावमा कष्टकर जीवन बिताउन बाध्य छन् ।

रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाले क्षतिको विवरण संकलन अन्तिम चरणमा पुगेको बताए । उनका अनुसार प्रारम्भिक तथ्यांकअनुसार बाढीपहिरोबाट गाउँपालिकाका ३५० घर पूर्णरूपमा क्षति भएका छन् ।

पनौतीमा ७०० घर पूर्णरूपमा क्षति भएका ठानिएको छ । बेथानचोक गाउँपालिका अध्यक्ष भगवान अधिकारीले बाढीपहिरोबाट घर-जमिनसमेत बगेका परिवारको तथ्यांक संकलन भइरहेको बताए । उनले बेथानचोकमा पनि आवास निर्माणका लागि विभिन्न संघसंस्थासँग छलफल अघि बढाइएको बताए । बेथानचोकमा चार हजार ४०० प्रभावित घरपरिवारमध्ये ५५० घरमा बस्नै नहुनेगरी क्षति भएको छ ।

जिल्लामा हालसम्म प्राप्त प्रारम्भिक विवरणअनुसार जिल्लामा निजी आवासतर्फ करिब चार हजार पूर्ण क्षति भएको छ भने सात हजार घरमा आंशिक क्षति पुगेको अनुमान गरिएको छ । तीन दर्जन सरकारी भवन, तथा सोही संख्यामा सार्वजनिक भवन पूर्णरूपमा क्षति भएका छन् ।

पुंगीखोला किनारमा अतिक्रमित संरचना हटाइँदै

चितवन– भरतपुर महानगरपालिकाले पुंगीखोला किनारमा अतिक्रमित संरचना भत्काउन सुरु गरेपछि घरधनी आफैंले भत्काउन थालेका छन् । महानगरले पुंगीखोलाको विकास र सौन्दर्यकरण गर्ने कार्यक्रम अघि सारेसँगै नियमविपरीत निर्मित संरचना घरधनीले आफैं भत्काउन थालेका हुन् ।

गत असोज २ गते महानगरपालिकाले केही संरचनामा डोजर चलाएको थियो । भरतपुर महानगरपालिका वडा नम्बर २ का अध्यक्ष मनोज रानाभाट अतिक्रमण गरी बनाइएका संरचना घरधनी आफैंले भत्काउन थालेको बताउँछन् । पुंगीखोलाको बाइपास सडकदेखि लाइन्सचोकसम्म अतिक्रमण गरी बनाइएका संरचना घरधनीले आफैंले भत्काइरहेका छन् ।

पुंगीखोला विकास तथा सौन्दर्यकरण करिडोर निर्माणका लागि सघन सहरी तथा भवन निर्माण आयोजनाबाट छ करोड ६५ लाख रूपैयाँ बजेट विनियोजन भएको छ । बाइपास सडकदेखि नारायणी नदीसम्म पुंगीखोला ६.५ किलोमिटरमध्ये बाइपासबाट लायन्सचोकसम्म तीन किलोमिटर र त्यहाँबाट नारायणी नदीसम्म सौन्दर्यीकरणको काम गत वर्षदेखि जारी छ । नगरलाई सुन्दर बनाउन खोला किनारका मुख्य बजारमा उद्यान, कसरत गर्ने स्थल, पैदलमार्गलगायत संरचना निर्माण हुने छन् । *रासस*

चेपाङ बस्तीको स्वास्थ्य संस्थालाई औषधि प्रदान

चितवन (प्रस)– इच्छाकामना गाउँपालिका-१ भाराङमा रहेको सामुदायिक स्वास्थ्य एकाइलाई सपना भिलेज सोसल इम्प्याक्टले एक लाख २४ हजार रूपैयाँबराबरका ३१ प्रकारका औषधि प्रदान गरेको छ ।

ती औषधि उक्त संस्थाका अध्यक्ष ध्रुव गिरीले भाराङ स्वास्थ्य एकाइका प्रमुख सूर्यबहादुर चेपाङलाई बुधबार एकाइमा आयोजित एक संक्षिप्त कार्यक्रममा हस्तान्तरण गरे । इच्छाकामना गाउँपालिका स्वास्थ्य शाखाले उपलब्ध गराएको विवरणअनुसार ३१ प्रकारका औषधि प्रदान गरिएको अध्यक्ष गिरीले बताए ।

उक्त संस्थाले इच्छाकामना गाउँपालिका-१ का चेपाङ समुदायको जीवनस्तर उकास्न आयआर्जनका लागि पशुपालन, सागसब्जीखेती, शिक्षा र स्वास्थ्य क्षेत्रमा सहयोग गर्दै आएको छ । यसअघि गाउँपालिकासँगको सहकार्यमा उक्त संस्थाले ७०० घरलाई सुधारिएको चुल्हो वितरण गरेको थियो ।

बाटो नबन्दा सरसफाइ केन्द्र सञ्चालनमा समस्या

दमौली -तनहुँ)– जिल्लाको म्याग्दे गाउँपालिका-२ बहपुरमा निर्माण गरिएको फोहोरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा कच्ची बाटो अवरोधका रूपमा देखिएको छ । फोहोरमैला व्यवस्थापन केन्द्रसम्म पुग्ने बाटो कच्ची हुँदा समस्या भइरहेको छ ।

गाउँपालिकाले गत पुस १७ गते केन्द्र सञ्चालनमा ल्याएको थियो तर बाटोको असुविधाका कारण केन्द्र सञ्चालनमा समस्या भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिए । अन्य समयभन्दा वर्षाका बेला त्यहाँसम्म सवारीसाधन पुग्न नसक्दा निकै समस्या भइरहेको उनले बताए ।

अधिकारीले चालु आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारबाट बाटो स्तरोन्नतिका लागि ४० लाख रूपैयाँ बजेट विनियोजन भएको जानकारी दिए । उनले भने, 'उक्त बजेटमा गाउँपालिकाले पनि केही रकम थपेर बाटो स्तरोन्नति गर्ने छ, बाटो स्तरोन्नति भएपछि फोहोरमैला संकलन केन्द्र सञ्चालनमा समस्या आउँदैन ।'

२२ रोपनी आठ आना जग्गा खरिद गरी फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गरिएको हो । गाउँपालिकाले २०७८ चैत ९ गते ३३ लाख रूपैयाँमा जग्गा खरिद गरेको थियो । जग्गा खरिदलगायत केन्द्र निर्माणमा दुई करोड १५ लाख रूपैयाँ खर्च भएको गाउँपालिकाले जनाएको छ । फोहोरमैला व्यवस्थापन केन्द्रका लागि २१ करोड रूपैयाँको गुरुयोजना तयार भएको छ । सोअनुसार केन्द्रसम्म पुग्ने सडक कालोपत्र गर्न बाँकी छ ।

केन्द्र सञ्चालनमा आएसँगै बजार क्षेत्रका फोहोर व्यवस्थापनमा सहज हुने विश्वास गरिएको छ । स्थानीय तहलाई फोहोरमैला व्यवस्थापनमा सकस हुँदै आएकाले केन्द्र निर्माणपछि केही सहज हुने गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताए । उनले भने, 'अधिकांश स्थानीय तह त्यसमाथि पनि सहरीकरणको गतिमा बढेको पालिकालाई फोहोरमैला व्यवस्थापनमा चुनौती हुँदै आएको छ । केन्द्र सञ्चालनपछि फोहोरमैला व्यवस्थापनमा सहयोग पुगेको छ ।' गाउँपालिकाको बजार क्षेत्रबाट संकलन हुने कुहिने र नकुहिने दुवै प्रकारका फोहोर उक्त व्यवस्थापन केन्द्रमा जम्मा गर्ने श्रेष्ठको भनाइ छ ।

प्रमुख प्रशासकीय अधिकृत अधिकारीका अनुसार करिब पाँच हजार घरधुरीबाट फोहोरमैला संकलन गरिने छ । फोहोर संकलनका लागि ट्रिप्परसमेत खरिद भइसकेको छ । गाउँपालिकाको आन्तरिक स्रोतबाट फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गरिएको हो । उक्त केन्द्र निर्माणको थालनी २०८० वैशाख ३ गतेबाट भएको थियो । शुक्लागण्डकी नगरपालिका-४ स्थित लाहुरे काइला विल्डर्ससँग सम्झौता भई केन्द्र निर्माण भएको थियो । गाउँपालिकाले हालै आयोजित गाउँसभाबाट वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन ऐन, २०८० समेत पारित गरिसकेको छ । *रासस*

'एमबिबिएस' पढाउँदै कनकासुन्दरी

जुम्ला (प्रस)– यहाँको कनकासुन्दरी गाउँपालिकाले छात्रवृत्तिमा एमबिबिएस पढाउन थालेको छ । पालिकाले कार्यविधि बनाएर छात्रवृत्तिमा एमबिबिएस पढ्ने विद्यार्थीलाई ५० प्रतिशत रकम दिन सुरु गरेको गाउँपालिका अध्यक्ष दामोदर आचार्यले जानकारी दिए ।

गत वर्षदेखि कनकासुन्दरी गाउँपालिका-५ निवासी प्रिन्ता हमालले गाउँपालिकाको ५० प्रतिशत छात्रवृत्तिमा नेपालगञ्ज मेडिकल कलेजमा एमबिबिएस अध्ययन गरिरहेका छन् । उनी हाल दोस्रो वर्षमा अध्ययनरत छन् । एमबिबिएस अध्ययन गर्न ४६ लाख रूपैयाँ लाग्नेमा गाउँपालिकाले २३ लाख रूपैयाँ प्रिन्सालाई छात्रवृत्तिबापत प्रदान गरेको गाउँपालिका अध्यक्ष आचार्यले बताए ।

चिकित्सा शिक्षा अध्ययनपछि छात्रवृत्तिमा पढेका विद्यार्थीले दुई वर्षसम्म गाउँपालिकामा सेवा गर्ने सर्त रहेको गाउँपालिकाका सूचना अधिकारी नेत्रबहादुर खत्रीको भनाइ छ । यस्तै कनकासुन्दरी गाउँपालिका-३ की कल्पना बुढालाई पनि एमबिबिएस अध्ययनका लागि गाउँपालिकाले प्रोत्साहनस्वरूप एक लाख रूपैयाँ छात्रवृत्ति प्रदान गरेको छ ।

बुढा किस्ट कलेज ललितपुरमा अध्ययनरत छन् । कनकासुन्दरी गाउँपालिका-५ बडुवालवाडाका विवेक बडुवाल बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा बिटिएस डेण्टल अध्ययन गर्दै छन् । बडुवाललाई पनि गाउँपालिकाले प्रोत्साहनस्वरूप एक लाख रकम सहयोग गरेको गाउँपालिका सूचना अधिकारी खत्रीले जानकारी दिए ।

कतारमा रोजगार कम्पनी : OTTOMAN PALACE RESTAURANT

पूर्व स्वीकृति मिति : २०८१/०२/११ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२२ LT. No. 312927 चलानी नं. ६०२२००६४

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	QR	ने.रू.							
1	juice maker	2	0	1500	५५,६८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : AL DOHA FOR FIRE SYSTEMS

पूर्व स्वीकृति मिति : २०८०/०५/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२२ LT. No. 309400 चलानी नं. ६०२२७८२५

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	QR	ने.रू.							
1	Electrical Engr./Fire Alarm	5	0	1200	४४,५५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	General Assistant (Cleaner)	3	0	1100	४०,८३५							
3	General Mechanics	5	0	1500	४४,५५०							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कात्तिक ३० गते (15th Nov. 2024) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

साउदीमा रोजगार कम्पनी : BURGERITA RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति : २०८१/०७/२० LT. No. 313119 चलानी नं. ६०२२७६०५

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	KITCHEN UTENSILS CLEANER	1	0	1000	३६,००१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	KITCHEN WORKER	1	0	1000	३६,००१							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कात्तिक ३० गते (15th Nov. 2024) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

साउदीमा रोजगार कम्पनी : AL RUJUH GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८१/०७/२० LT. No. . 313171 चलानी नं. ६०२२७६०९

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	Construction Labors	12	0	1000	३६,०००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : MAKHAVI ARABIA CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८१/०७/२० LT. No. 313172 चलानी नं. ६०२२७६०८

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	Heavy Equipment Driver.	10	0	2500	९०,००२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Heavy Truck Driver	2	0	1800	६४,८०१							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कात्तिक ३० गते (15th Nov. 2024) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६०२/०७९/०८०
BRIGHT FUTURE HR SOLUTION PVT. LTD.
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218
Email: brightfuturehrsolution1602@gmail.com

कतारमा रोजगार कम्पनी : PATISSERIE SUISSE

पूर्व स्वीकृति मिति : २०८१/०३/१८ पूनः विज्ञापन स्वीकृति मिति २०८१/०७/२२ LT. No. 307035 चलानी नं.६०२२७६०७

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	QR	ने.रू.							
1	Driver	2	0	2000	७४,२५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	GENERAL CLEAN WORKER	2	0	1000	३७,१२५							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कात्तिक ३० गते (15th Nov. 2024) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११८२/०७३/७४
YUSHO GLOBAL PVT. LTD.
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

प्रभाव दैनिक

रूपशाला

कमेडी शो 'कमेडी नाइट विथ च्याम्पियन' आउने

कमेडी सो 'कमेडी नाइट विथ च्याम्पियन' सुरु हुने भएको छ । कमेडी क्लब विथ च्याम्पियनको टिमले अब 'कमेडी नाइट विथ च्याम्पियन' लिएर आउने भएको हो । कलाकारले कार्यक्रमको लोगो शेयर गर्दै कार्यक्रमको औपचारिक जानकारी दिएका छन् । विशाल भण्डारीको निर्देशन रहने सो मा सुमन कार्की, मेक्सम गौडेल, सजन श्रेष्ठ, कैलाश कार्की, पवन भट्टराईसँगै भरतमणि पौडेल, सन्तोष थापा, सुमन कोइराला र प्रभात लामा देखिनेछन् । कार्यक्रमको अध्यक्षको रूपमा कलाकार तथा निर्देशक दीपाश्री निरौला रहनेछिन् ।

शुक्रबार, २३ कात्तिक २०८१ (Friday, November 08, 2024)

'मिसिङः केटी हराएको सूचना'को गीत छायांकन सुरू

■ प्रभाव संवाददाता

काठमाडौं– यही कार्तिक ३० गतेबाट रिलिज हुने फिल्म 'मिसिङः केटी हराएको सूचना'को गीत 'सपनीमा' को छायांकन सुरु भएको छ । गीतमा इन्दिरा जोशी र करण परियारको स्वर, करुण थापाको शब्द र संगीत छ । बुधबारदेखि ललितपुरको चापागाउँ आसपास छायांकन भइरहेको गीतमा फिल्मका प्रमुख कलाकारद्वय नाजिर हुसेन र सृष्टि श्रेष्ठको अभिनय छ । गीतको भिडियोमा मानकृष्ण महर्जनको छायांकन, रामजी लामिछानेको कोरियोग्राफी छ । रोमान्टिक फ्लेभरको गीतको बिहीबारसम्म छायांकन हुनेछ ।

ट्राई सिटी पिक्चर्स प्रस्तुतकर्ता रहेको फिल्म ट्राई सिटी पिक्चर्सकै ब्यानरमा निर्माण भएको हो । फिल्ममा ३२ वर्षअघिको डकुड्रामा 'उजेली'का निर्देशक दीपेन्द्र गौचनको निर्देशन छ । उनले 'हाम्रो मुमिन' डकुड्रामाको पनि निर्देशन गरेका थिए । दीपेन्द्रकै निर्माण रहेको फिल्ममा उनकै स्क्रिप्ट लेखन छ । फिल्ममा नाजिर, सृष्टिसँगै सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रूपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, मनोज शाह, अर्जुन पोखरेल र ओमप्रकाश कर्णको अभिनय छ । फिल्ममा अमितेष शाह विशेष भूमिका छन् ।

नकिम उद्दिन कार्यकारी निर्माता रहेको फिल्ममा मनोहर दास मुल, अनिन राजभण्डारी, राजीव थापा, रोबिन थापा, राधेश पन्त, महेन्द्र शाक्य, ज्योतिमान शेरचन, चन्द्र भट्टचन, सञ्जय भट्टचन सह-कार्यकारी निर्माता, अमितेष शाह सहायक निर्माता, दीपेन्द्र गौचनको कथा र लेखन, अमित पोखरेल र अमितेष शाहको सहायक लेखन, अमित पोखरेलको स्क्रिप्ट सुपरभिजन छ ।

फिल्ममा अमर महर्जनको डीओपी, निमेष श्रेष्ठको सम्पादन, शंकर महर्जनको द्वन्द्व, दीपेन्द्र गौचन, प्रवेश मल्लिक र करुण थापाको संगीत, दीपेन्द्र गौचन, अमितेष शाह, करुण थापाको शब्द, सितुसित बस्नेत, रोहित जोन क्षेत्री, प्रवेश मल्लिक, नेहा प्रियदर्शनी, करण परियार र इन्दिरा जोशीको स्वर, राजीव कर्णको कोरियोग्राफी, काजोल कर्णको सहायक कोरियोग्राफी, जीवन पोखरेल र दीपेशको कष्ट्युम, अकी थेक्पाको आर्ट निर्देशन, राहुल जैरुको सहायक आर्ट निर्देशन र अरुण रेग्मीको प्रोडक्सन छ ।

म्युजिक नेपाल डिजिटल पार्टनर रहेको फिल्म एप्पल इन्टरटेनमेन्ट, एफडी कम्पनी र रिच इन्टरटेनमेन्टले वितरण गर्दैछन् ।

लोकमणिको 'अग्नीदहन'को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता

काठमाडौं– आगामी मसिर ७ गते रिलिज हुने फिल्म 'अग्नीदहन' को ट्रेलर सार्वजनिक भएको छ । साहित्यकार तथा पत्रकार लोकमणि पौडेलको उपन्यास 'अग्नीदहन'मा आधारित रहेर निर्माण भएको फिल्मको दुई मिनेट ३६ सेकेण्डको ट्रेलरमा नाच्दै गरेकी एक महिला अचानक लडेर काम्न थालेपछि उनलाई बोक्सी लागेको भन्दै दिइएको अनेक मानसिक यातनालाई देख्न सकिन्छ ।

फिल्ममा समाजसेवीको भूमिका निभाएका पुरुष प्रकाश घिमिरेले 'बोक्सी अन्धविश्वास हो' भनिरहँदा समाजले धामीझाक्री लगाउन भन्दै उनलाई दिइएको अनेक यातनालाई ट्रेलरमा राखिएको छ । बोक्सीको आरोप लागेपछि महिला कतिसम्म विक्षिप्त हुन्छन् भन्ने कुरा ट्रेलरबाट बुझाउन खोजिएको छ । फिल्म घनश्याम लामिछानेले निर्देशन गरेका हुन् । मान्छे कोही पनि बोक्सी हुँदैन भन्ने सोचलाई देशव्यापी रूपमा अभियानको रूपमा अगाडि बढाउन फिल्म बनाएको उनले बताए ।

फिल्ममा प्रकाश घिमिरे, प्रमिला तुलाचन, माओत्से गुरुङ, अनुपमा भण्डारी, तुलसी क्षेत्री, विष्णु बास्तोला, डा निर्मल लामिछाने, तारा बहादुर गुरुङको अभिनय छ । मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठानले निर्माण गरेको फिल्ममा लोकमणि पौडेलको कथा, पटकथा तथा संवाद, कोविदशरण उपाध्यायको परिकल्पना, परिच्छेद सेनको सहायक निर्देशन, दीर्घ गुरुङको छायांकन, दीर्घ खड्काको सम्पादन, शंकर पाण्डेको प्रोडक्सन डिजाइन रहेको फिल्मको डिसिएन वितरक रहेको छ ।

बलिउड अभिनेत्री उर्वशी रौटेला नेपाल आउँदै

■ प्रभाव संवाददाता

काठमाडौं– बलिउडकी चर्चित अभिनेत्री उर्वशी रौटेला नेपाल आउने भएकी छन् । होटल याक एण्ड यतिमा आगामी १४ डिसेम्बरमा आयोजना हुने फेसन शो हेल्दी च्वाइस 'ग्ल्याम नेपाल इन्टरनेशनल २०२४'मा शोटपरको रूपमा सहभागी हुन रौटेला नेपाल आउने भएकी हुन् । तीन सिजन भव्य रूपमा सम्पन्न भैसकेको 'ग्ल्याम नेपाल इन्टरनेशनल'को यो चौथो सिजन हो ।

ट्रयु स्किन एण्ड हेल्दी च्वाइस मुख्य प्रायोजक रहेको फेसन शोमा सहभागीका लागि मोडलको आवेदन खुल्ला गरिएको छ । आयोजक प्रारम्भ प्रोडक्सनले बुधबार एक बिज्ञप्ती जारी गर्दै मोडलका लागि आवेदन खुल्ला भएको जानकारी दिएको हो ।

शोमा सहभागी हुन चाह मोडलले इसेवा एप मार्फत आवेदन फर्म भर्न सक्नेछन् । शोमा सहभागी मोडलहरूमा फिमेलका लागि ५.४ फिट र मेलका लागि ५.१० फिट हाइट माथि हुनुपर्ने प्रावधान छ । शोका लागि मोडल छनौट अडिसन ९ नोभेम्बरमा होटल हिमालयनमा आयोजना हुनेछ । जसबाट ६ मेल र २४ फिमेल गरेर ३० मोडल छानिने आयोजक प्रारम्भ प्रोडक्सनका फाउन्डर निर्देशक पवन आचार्यले जानकारी दिए ।

नेपालका उत्कृष्ट डिजाइनरहरूले तयार पारेको आकर्षक र नयाँ फेसनका डिजाइनहरू फेसन शोमा बिभिन्न सिक्वेलमा प्रस्तुत हुनेछ । फेसन नयाँ र आकर्षक पहिरनको बारेमा फेसन प्रेमीलाई जानकारी दिने र फेसन डिजाइनरलाई प्रोत्साहन गर्ने उदेश्यले फेसन शो आयोजना गर्न लागिएको हो । फेसन शोमा ब्यवसायी, कलाकार, मोडल लगायतका बिभिन्न ब्यक्तिहरूको सहभागीता रहनेछ ।

शोको उत्कृष्ट मोडल तथा डिजाइनरले अष्ट्रेलियामा हुने ग्ल्याम इन्टरनेशनलमा सहभागीको अवसर प्राप्त गर्नेछन् ।

रंगशाला

आइसिसी महिला यु-१९ विश्वकप एसिया छनोट

नेपालको लगातार दोस्रो जित

■ प्रभाव संवाददाता

काठमाडौं– आइसिसी यु-१९ महिला टि-२० विश्वकप एसिया छनोटको खेलमा नेपालले लगातार दोस्रो जित हासिल गरेको छ ।

संयुक्त अरब इमिरेट्स (युएई)को अजमानस्थित द सेभेन रङ्गशालामा बिहीबार भएको खेलमा नेपालले कुवेतलाई एक सय आठ रनको फराकिलो अन्तरले पराजित गर्दै दोस्रो जित हासिल गरेको हो ।

टस जितेर पहिला ब्याटिङ गरेको नेपालले कुवेतलाई जितका लागि एक सय ३१ रनको लक्ष्य प्रस्तुत गरेको थियो । जवाफी ब्याटिङमा उत्रिएको कुवेत १३ ओभरमा सबै विकेट गुमाएर २२ रनमा समेटियो ।

कुवेतका लागि कप्तान जिफा जिलानीले सर्वाधिक १२ रन बनाइन् । उनले १७ बलमा दुई चौका प्रहार गर्दै १२ रन बनाएकी हुन् । कप्तान जिलानीबाहेक अन्य खेलाडीले दोहोरो अङ्कको रन बनाउन सकेनन् । आयशा इकबाल पेवेकरले तीन बलमा दुई रन बनाएर आउट भइन् । साराह जसवीले १२ बलमा चार रन बनाइन् भने जिनिया अफरोज र स्वातिबा कुलदीपसिंह परमारले समान एक/एक रन बनाए ।

क्यान्डिस डायस, रेलिन मारिया डी सुजा, ईशान्वी मोहन सिंह, पर्ल सेरेना साइमन, खादिजा जाहिर हुसेन र अमिषा राम ओलाचेरी शून्य रनमा आउट भए । नेपालका लागि रचनाकुमारी चौधरी र सीमा केसीले समान दुई/दुई विकेट लिए । त्यस्तै, कप्तान पूजा महतो, कृश्मा गुरुङ, मनिशा कुमारी उपाध्यायले समान एक/एक विकेट लिए । यो खेलमा कुवेतले अतिरिक्त दुई रन पायो ।

त्यसअघि नेपालले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय तीस रन बनाएको थियो । नेपालका लागि कप्तान पूजा महतोले सर्वाधिक ३४ रन बनाइन् । उनले ३८ बलमा चार चौका प्रहार गर्दै सर्वाधिक ३४ रन बनाएकी हुन् । साना प्रवीणले १८ बलमा २५ रन बनाइन् । उनले सो क्रममा पाँच चौका प्रहार गरिन् । ज्योत्सिन्का मरासिनीले १८ बलमा एक चौकाको मद्दतले २३ रन बनाइन् । नेपालका लागि सावित्री धामी र सोनी पाख्रिनले समान छ/छ रन बनाए भने सीमा केसीले चार रन बनाएकी थिइन् ।

नेपालका लागि कृश्मा गुरुङले एक रनको योगदान दिइन् भने रचनाकुमारी चौधरी र रिया शर्माले एक रन पनि जोड्न सकेनन् । नेपालले अतिरिक्त १६ रन प्राप्त गरेको थियो ।

कुवेतका लागि आयशा इकबाल पेवेकरले दुई र जिफा जिलानी र अमिषाराम ओलाचेरीले समान एक/एक विकेट लिएका थिए । यसँगै कुवेतले लगातार दोस्रो हार बेहोरेको छ । बुधबार युएई)ले एक सय छ रनको अन्तरले कुवेतलाई पराजित गराएको थियो ।

यो जितसँगै नेपालले अब शनिबार यसएईसँग खेल्नेछ । छनोट खेलमा आयोजक संयुक्त अरब इमिरेट्ससहित नेपाल, कुवेत र थाइल्याण्ड सहभागी छन् । सहभागी चार टोलीमध्ये शीर्ष स्थान हासिल गर्ने टोली सन् २०२५ मा मलेसियामा हुने विश्वकपमा छनोट हुनेछ ।

सुनमायालाई एडभेन्चर रनिङ महासंघको स्वागत

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल एडभेन्चर रनिङ महासंघले चीनमा भएको दुई अन्तर्राष्ट्रिय ट्रेल रेसमा स्वर्ण पदक जित्न सफल धाविका सुनमाया बुढालाई बिहीबार स्वागत गरेको छ । सुनमाया बिहीबारै स्वदेश फर्केकी हुन् ।

राष्ट्रिय खेलकुद परिषद् कार्यकारी समितिका पूर्व सदस्य समेत रहेको महासंघका अध्यक्ष एकेन्द्र कुँवर, वरिष्ठ उपाध्यक्ष राजन खत्रीलगायतका पदाधिकारीले सुनमायालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरे । सुनमायाले अक्टोबर १९ तारिखमा भएको अल्ट्रा ट्रेल निन्घाईंमा स्वर्ण जितेकी थिइन् । ६० किलोमिटर दूरीको रेस सुनमायाले ५ घण्टा ४० मिनेट ०३ सेकेन्डमा पूरा गरेकी थिइन् ।

अर्को स्वर्ण सुनमायाले नोभेम्बर २ तारिखमा भएको साइगु १०० केमा जितिन् । सुनमायाले निर्धारित १ सय ५ किलोमिटर दूरी ९ घण्टा ३२ मिनेट ४७ सेकेन्डमा तय गरेकी थिइन् । दुवै रेसमा सुनमायाले कोर्स रेकर्ड पनि कायम गरेको महासंघकी सदस्य एवं अन्तर ाष्ट्रिय समन्वयकर्ता प्रीति खत्रीले जनाएकी छन् । दुई प्रतियोगितासहित सुनमायाले यो वर्ष ९ अन्तर्राष्ट्रिय रेसमा सहभागिता जनाएकी छन् । बाँकी ७ रेस मध्ये सुनमाया ३ मा पहिलो तथा १ मा तेश्रो स्थानमा रहिन् । अध्यक्ष कुँवरले सुनमायाको सफलता र साहसको प्रशंसा गर्दै चाँडै नगद पुरस्कारसहित सम्मान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेत्रहीन क्रिकेट विश्वकपको बन्द प्रशिक्षण सुरु

लमही (प्रस)– नेत्रहीन क्रिकेट संघ नेपालले टि-२० विश्व कप पुरुष क्रिकेटका लागि १५ जनालाई बन्द प्रशिक्षण सुरु गरेको छ ।

टि-२० विश्वकपको तयारीका लागि दाङको लमहीमा रहेको देउखुरी क्रिकेट स्टेडियममा अन्तिम चरणको बन्द प्रशिक्षण क्याम्प सुरु भएको हो ।

बन्द प्रशिक्षण कात्तिक २२ गतेदेखि १३ दिनसम्म सञ्चालन हुने नेत्रहीन क्रिकेट संघ नेपालका कोषाध्यक्ष उपेन्द्र श्रेष्ठले जानकारी दिए । बन्द प्रशिक्षणमा कप्तान रमेश बहादुर बानियाँ, उपकप्तान दम बहादुर बडैला, सुनिल सुवेदी क्षत्री, सागर लामा, दुर्गादत्त पौडेल, प्रेम बहादुर क्षेत्री, निश्चल शिवाकोटी, भरत थापा, प्रविन स्याङ्तान, मदन न्यौपाने छन् । यसैगरी अमिश गुरागाईं, सन्त पहरी, सुनिल रानामगर, नरेश चौधरी र पदम कार्की पनि बन्द प्रशिक्षणमा छन् ।

नेत्रहीन क्रिकेटको नेपाली राष्ट्रिय टोलीलाई नेपाल क्रिकेट संघका प्रशिक्षक एवम् दाङ क्रिकेट संघका सचिव सञ्जु क्षेत्री र सहायक प्रशिक्षक नरेन्द्र निरौलाले प्रशिक्षण दिने बन्द प्रशिक्षणका को-अर्डिनेटर प्रेम पुलामीले जानकारी दिए । टि-२० विश्वकप नोभेम्बर २१ देखि डिसेम्बर ३ सम्म पाकिस्तानमा हुँदैछ। यस प्रतियोगितामा नेपाल, पाकिस्तान, भारत, श्रीलंका, बंगलादेश, साउथ अफ्रिका, न्युजिल्याण्ड र अफगानिस्तान गरी ८ देश सहभागी हुनेछन् ।

लमहीमा १२ करोड लागतमा क्रिकेट मैदान निर्माण गरिएको छ । ५०० दर्शक क्षमताको (जी स्ट्यान्डर्ड) मैदानमा भीआईपी स्ट्यान्ड, आउटफिल्ड, साइट स्क्रिन, पेभेलियन जस्ता संरचनाहरू निर्माण गरिएको छ । लमही नगर विकास समितिको स्वामित्वको यो मैदानमा आठौं राष्ट्रिय खेलकुदका बेला महिला क्रिकेट प्रतियोगिता आयोजना गरिएको थियो ।

ट्रम्पलाई चिनियाँ राष्ट्रपति सीको सन्देश

अमेरिका र चीनबीच ‘सहकार्य हुनुपर्छ’

बेइजिङ– बेइजिङ र वासिङ्टनबीच सहकार्य गर्ने उपाय खोज्नुपर्ने चीनका राष्ट्रपति सी चिनफिङले अमेरिकी नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पलाई पठाएको सन्देशमा बताएका छन् । हालका वर्षहरूमा व्यापारदेखि ताइवानबारे दुई देशका अडानका कारण दुई देशबीचको सम्बन्धमा समस्या उत्पन्न भएको छ ।

अमेरिकी राष्ट्रपतीय निर्वाचनमा पूर्वराष्ट्रपति ट्रम्प दोस्रो कार्यकालका लागि निर्वाचित भएपछि ट्रम्पलाई पठाएको पहिलो सन्देशमा सीले भने, ‘चीन र संयुक्त राज्य अमेरिकाले सहयोगबाट फाइदा उठाउँछन् र मुठभेडबाट पीडित हुन्छन् भन्ने कुरा इतिहासले देखाएको छ । स्थिर, स्वस्थ र दिगो चीन-अमेरिका सम्बन्ध दुवै देशको साझा हितमा छ र यो अन्तर्राष्ट्रिय समुदायको अपेक्षा अनुरूप छ ।’

उनले वासिङ्टन र बेइजिङलाई ‘संवाद र सञ्चारलाई मजबुत बनाउन’ र ‘मतभेदको उचित व्यवस्थापन’ गर्न आग्रह गरे । उनले भने, ‘नयाँ युगमा दुवै देश र विश्वलाई फाइदा पुर्‍याउन विश्वका प्रमुख अर्थतन्त्र चीन र अमेरिकाले ‘सही बाटो’ खोज्नुपर्छ ।’ चिनियाँ उपराष्ट्रपति हान झेङले पनि अमेरिकी उपराष्ट्रपतिमा निर्वाचित जेडी भान्सलाई सन्देश पठाउँदै बधाई र सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् ।

अमेरिकी राष्ट्रपतीय निर्वाचनको प्रचार अभियानका क्रममा रिपब्लिकन नेता ट्रम्प र उनकी डेमोक्र्याटिक प्रतिद्वन्द्वी तथा वर्तमान् उपराष्ट्रपति कमला ह्यारिस दुवैले बेइजिङसँग कडा कदम चाल्ने नारा दिएका थिए ।

ट्रम्पले अमेरिका प्रवेश गर्ने सबै चिनियाँ सामानमा ६० प्रतिशत कर लगाउने घोषणा गरेका थिए । स्टिमसन सेन्टरका सिनियर फेलो युन सुनले एएफपीसँग भने, ‘नवनिर्वाचित राष्ट्रपतिले अमेरिका र चीनबीचको व्यापारमा केही हदसम्म सन्तुलन मिलाउने लक्ष्य राख्नुभएको छ ।’ उनले भने, ‘सम्झौता गर्नुअघि ‘अधिकतम दबाब’ दिने उनको कलालाई ध्यानमा राख्दै, म आशा गर्दछु कि उनले विदेशी र खासगरी चिनियाँ सामानमा कर वृद्धि गर्नुहुने छ ।’

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले बिहीबार ट्रम्पलाई राष्ट्रपति निर्वाचित भएकोमा बधाई दिँदै ‘दुवै पक्षले पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवै हितका लागि सहकार्यका सिद्धान्तलाई कायम राख्ने विश्वास व्यक्त गरेका थिए । *रासस⁄एएफपी*

ट्रम्पको पुनरागमन ‘गलत नीति’को पुनरवलोकन गर्ने मौका : *इरान*

तेहरान– इरानले अमेरिकी राष्ट्रपतीय निर्वाचनमा रिपब्लिकन नेता तथा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको विजयलाई अमेरिकाका लागि विगतका ‘गलत नीतिहरू’को पुनरवलोकन गर्ने अवसर भएको बताएको छ ।

अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसलाई पराजित गर्दै जनवरीमा ह्वाइट हाउस फर्कन लागेका ट्रम्पले आफ्नो पहिलो कार्यकालमा इरानमाथि ‘अधिकतम् दबाब’को रणनीति अपनाएका थिए । विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बगाईलाई उद्धृत गर्दै सरकारी समाचार संस्था आइआरएनएले भनेको छ, ‘विगतमा अमेरिकी विभिन्न सरकारका नीति र दृष्टिकोणसँग हाम्रो निकै तीतो अनुभव छ ।’

ट्रम्पको जित ‘विगतका गलत नीतिको पुनरवलोकन गर्ने अवसर’ भएको उनले बताए । इरान र संयुक्त राज्य अमेरिका सन् १९७९ को इस्लामिक क्रान्तिदेखि नै एकअर्काका विरोधी थिए । इस्लामिक क्रान्तिले पश्चिमा समर्थित शाहलाई सत्ताच्युत गरेको थियो भने ट्रम्पको पहिलो कार्यकालमा सन् २०१७ देखि २०२१ सम्म इरानसँगको सम्बन्धमा थप तनाव बढेको थियो ।

बुधबार अमेरिकी राष्ट्रपतिमा ट्रम्प विजयी घोषणा हुनुअघि इरानले अमेरिकी निर्वाचनलाई असान्दर्भिक भन्दै अस्वीकार गरेको थियो । सरकारका प्रवक्ता फातेमेह मोहजेरानीले भने, ‘संयुक्त राज्य अमेरिका र इस्लामिक गणतन्त्र इरानको सामान्य नीतिहरू तय गरिएको छ । को राष्ट्रपति बन्छ भन्ने कुराले केही फरक पार्दैन । जनताको जीविकोपार्जनमा कुनै परिवर्तन नआओस् भनेर योजना बनाइसकिएको छ ।’

आफ्नो पहिलो कार्यकालमा ट्रम्पले सन् २०१५ को इरान आणविक सम्झौताबाट अमेरिकालाई एकतर्फीरूपमा फिर्ता भएको घोषणा गरेका थिए र इस्लामिक गणतन्त्रमाथि कडा प्रतिबन्ध लगाएका थिए । ट्रम्पको पहिलो कार्यकाल रहेकै समय सन् २०२० मा अमेरिकाले बग्दाद विमानस्थलमा गरेको हवाई आक्रमणमा इस्लामिक रिभोलुसनरी गार्ड कोरका जनरल कासिम सुलेमानीको मृत्यु भएको थियो । *रासस⁄एएफपी*

चीनको राजधानी बेइजिङमा रहेको नेसनल म्युजियम अफ चाइनामा नृत्यप्रधान चिनियाँ नाटक ‘कन्फ्युसियस’ प्रस्तुत गर्दै कलाकारहरू । बुधबार उक्त नाटकको विशेष शो प्रदर्शन गरिएको थियो । *तस्बिरः सिन्ह्वा*

ह्यारिसले स्वीकारिन् हार

शान्तिपूर्ण सत्ता हस्तान्तरणको प्रतिबद्धता

वासिङ्टन– अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको जितपछि राष्ट्रपतिको प्रतिस्पर्धामा पराजित उपराष्ट्रपति कमला ह्यारिसले शान्तिपूर्ण सत्ता हस्तान्तरणमा आफ्नो सहयोग रहने प्रतिबद्धता व्यक्त गरेकी छन् ।

पराजयपछि भावुक बन्दै उपराष्ट्रपति ह्यारिसले वासिङ्टनमा एक सम्बोधनमा आँसु झार्दै आफ्ना समर्थकलाई ‘निराश नहुन’ र आफ्नो हारपछि पनि ‘लडिरहन’ आग्रह गरेकी छन् । रिपब्लिकन नेता ट्रम्पले चार वर्षअघि जो बाइडनविरुद्धको हार स्वीकार्न इन्कार गरेपछि अमेरिकाको राजधानी वासिङ्टनमा उनका समर्थकहरूले गरेको हिंसात्मक आक्रमण भएको स्मरण गर्दै उनले सत्ताको शान्तिपूर्ण हस्तान्तरण सुनिश्चित गर्ने प्रतिज्ञा पनि गरेकी छन् ।

हावर्ड युनिभर्सिटीमा आफ्नो छोटो तर सशक्त सम्बोधनमा ह्यारिसले भनिन्, ‘म यो निर्वाचन परिणामलाई स्वीकार गर्छु तर निर्वाचन क्रममा अभियानलाई प्रभावित पार्न गरिएको भड्किलो ‘दुस्प्रचार’लाई कहिल्यै स्वीकार गर्ने छैन ।’

‘मलाई थाहा छ, धेरै अमेरिकीहरूले हामी अँध्यारो समयमा प्रवेश गर्दै छौं जस्तो महसुस गरेका छन्,’ ट्रम्पको आश्चर्यजनक भारी विजयपछि पहिलो सार्वजनिक टिप्पणी गर्दै उनले भनिन् । उनले ट्रम्पको विजयलाई संकेत गर्दै अगाडि भनिन्, ‘हामी सबैको फाइदाका लागि त्यसो हुनु हुँदैनथ्यो ।’ अमेरिकाको पहिलो महिला राष्ट्रपति बन्ने असफल प्रयासका क्रममा ट्रम्पलाई लोकतन्त्रका लागि खतराको संज्ञा दिएकी ह्यारिसले ट्रम्पलाई बधाई दिन फोन गरेको एक सहयोगीले बताएका छन् ।

ह्वाइट हाउसमा आफ्नो ऐतिहासिक पुनरागमन ७८ वर्षीय ट्रम्पले फौजदारी अभियोग, पदमा रहँदा दुईपटक महाभियोग र आफ्ना पूर्व चिफ अफ स्टाफको चेतावनीलाई गलत पुष्टि गर्दै पहिलेको तुलनामा ठूलो मतान्तरले जित हासिल गरेका हुन् । एक्जिट पोलले मतदाताको मुख्य चासो कोभिड महामारीका कारण बाइडेनको नेतृत्वमा खस्किएको अमेरिकी अर्थतन्त्र र बढेको मुद्रास्फीति नै अमेरिकी निर्वाचनको हार वा जितको कारक हुने देखाएको थियो ।

ह्यारिसले आफूलाई महिलाहरूको समर्थन वृद्धि हुने आशा गरेकी थिइन् तर सिएनएनको एक्जिट पोलले उनलाई केवल आठ अंकको जनसांख्यिकीय अग्रता दिएको थियो । यो बाइडनले चार वर्षअघि प्राप्त गरेकोभन्दा लगभग आधा हो । आफ्नो उमेरको चिन्ताका कारण गत जुलाईमा चुनावी दौडबाट बाहिरिएका ८१ वर्षीय बाइडेनले ट्रम्पलाई ह्वाइट हाउसमा आगामी छलफलका लागि निमन्त्रणा गरेको अधिकारीहरूले बताएका छन् । नवनिर्वाचित राष्ट्रपतिका प्रवक्ता स्टिभन चेउङले भने, ‘ट्रम्पले निमन्त्रणालाई स्वीकार्नुभएको छ र चाँडै हुने बैठकबारे आशावादी भएको बताएका छन् ।’

राष्ट्रपति बाइडेनले बिहीबार राष्ट्रका नाममा सम्बोधन गर्ने भएका छन् । सम्बोधनमा उनले पार्टीमा आफ्ना निकट सहयोगी तथा उपराष्ट्रपति ह्यारिसको ‘साहस’ र ‘निष्ठा’को सम्मान गर्दै चुनावी अभियानका लागि धन्यवाद पनि ज्ञापन गर्ने बताइएको छ ।

ट्रम्पको जितसँगै उनले आर्थिक वृद्धिलाई गति दिन आक्रामकरूपमा अघि बढ्ने अपेक्षाका साथ वाल स्ट्रिट र डलर दुवैको मूल्यमा वृद्धि भएको छ । जनवरी २० मा राष्ट्रपतिका रूपमा कार्यभार सम्हाल्दा राष्ट्रपति पदको शपथ लिने सबैभन्दा वृद्ध व्यक्ति हुने ट्रम्पले फ्लोरिडामा बुधबार बिहान एक भाषणमा ‘मेक अमेरिका ग्रेट अगेन’ भन्ने आफ्नो नारा पूरा गर्ने प्रतिबद्धता जनाएका थिए । *रासस⁄एएफपी*

हिजबुल्लाहको मुख्य गढमा आक्रमण

खबेरुत, लेबनान– इजरायलले लेबनानको बेन गुरियन अन्तर्राष्ट्रिय विमानस्थल नजिकैको क्षेत्रमा छापा मार्दै बिहीबार दक्षिण बेरुतस्थित हिजबुल्लाहको मुख्य गढमा हवाई आक्रमण गरेको छ ।

हिजबुल्लाहले इजरायलको बेन गुरियन अन्तर्राष्ट्रिय विमानस्थल नजिकैको सैन्य अड्डालाई लक्षित गरी क्षेप्यास्त्र प्रहारसहित इजरायलमाथि धेरै आक्रमण गरेको दाबी गरेपछि छापा मारेको हो । स्वास्थ्य मन्त्रालयले बुधबार पूर्वी लेबनानको बेका उपत्यका र हिजबुल्लाहको प्रभुत्व रहेको घना जनसंख्या भएको प्राचीन सहर बालबेकमा इजरायली आक्रमणले ४० जनाको ज्यान गएको जनाएको छ ।

गत सेप्टेम्बरको अन्त्यदेखि हिजबुल्लाह र इजरायल कडा युद्धमा छन् भने इजरायलले गाजामा हमाससँग लड्दै उत्तरी सीमा सुरक्षित गर्न तल्लीन छ । बेरुत विमानस्थल नजिकै भएको आक्रमणले एउटा हिटर कारखानाको गोदामलाई ठूलो क्षति पुर्‍याएको एएफपीले जनाएको छ । यातायातमन्त्री अलि हामेले विमानस्थलको परिसरसहित केही भवनहरूमा सामान्य क्षति भएता पनि विमानस्थल सामान्यरूपमा सञ्चालन भइरहेको र विमानहरू उडान र अवतरणमा कुनै समस्या नभएको बताएका छन् ।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले विजय नभएसम्म हमास र हिजबुल्लाहसँग लड्ने वाचा गरेका छन् । बुधवार अमेरिकी राष्ट्रपति-निर्वाचित डोनाल्ड ट्रम्पसँग कुरा गर्दै उनले इरानले द्वन्द्वमा थप खतरा उत्पन्न गरेको बताएका छन् । प्रधानमन्त्री नेतान्याहुले ट्रम्पलाई चुनावी विजयका लागि बधाई दिँदै इजरायलको सुरक्षाका लागि मिलेर काम गर्न सहमत भएको नेतान्याहुको कार्यालयले जनाएको छ । *रासस⁄एएफपी*

गाजाका बिरामीहरूको उपचारमा युएईले सघाउने

अबुधाबी, युएई– संयुक्त अरब इमिरेट्स (युएई) ले विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) को सहयोगमा गाजा पट्टीबाट बालबालिका तथा क्यान्सरका बिरामीसहित गम्भीर घाइते भएका ८६ जना बिरामीलाई उपचारका लागि मानवीय पहल गरेको छ । उनीहरू परिवारका १२४ जना सदस्यहरूसँगै इजरायलको रामोन विमानस्थलबाट केरेम सालोम सीमा पार गर्दै चिकित्सकीय उपचारका लागि अबु धाबी पुगेका थिए ।

विकास तथा अन्तर्राष्ट्रिय संगठनका लागि विदेश मामिला सहायकमन्त्री मोहम्मद अल शम्सीले पहलले संयुक्त अरब इमिरेट्स र डबल्युएचओको सहकार्यको स्तरलाई प्रतिविम्बित गर्दै गाजामा मानवीय विपत्तिको बीचमा भाइचाराले सहयोग गर्ने संयुक्त अरब इमिरेट्सको प्रतिबद्धताको उदाहरण पेस गर्ने बताएका छन् ।

अल शम्सीले संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय साझेदार र राहतका लागि काम गर्दै आएका संस्थाहरूसँगको सहकार्यमा दृढ रहेको बताउँदै घाइते तथा गम्भीर रोगबाट पीडितलाई स्वास्थ्य सेवा प्रदान गर्न अग्रणी भूमिका जारी राख्ने बताएका छन् ।

युएईका राष्ट्रपति मोहम्मद बिन जायद अल नाहयानले देशका अस्पतालमा एक हजार घाइते तथा क्यान्सर पीडित प्यालेस्टिनी बिरामीको उपचार सुरु गरेको बताएका छन् । उनका अनुसार यो पहलमा अहिलेसम्म दुई हजार १२७ जना बिरामीरूलाई संयुक्त अरब इमिरेट्समा सारिएको छ ।

सन् २०२३ डिसेम्बर २ मा युएईले बिरामी तथा गम्भीर घाइते प्यालेस्टिनीलाई स्वास्थ्य सेवा प्रदान गर्ने प्रयास सुरु गरेदेखि हालसम्म युएईका अस्पतालमा ५० हजार ४८९ संक्रमितको उपचार भएको जनाइएको छ । युएईले प्यालेस्टिनी जनतालाई खाना, चिकित्सा र राहत आपूर्तिसहित ४३ हजार टनभन्दा बढी सहायता प्रदान गरेको जनाएको छ । *रासस⁄एएनआई*

अस्ट्रेलियामा १६ वर्ष मुनिका बालबालिकाका लागि सामाजिक सञ्जाल प्रतिबन्ध लगाइने

सिड्नी– अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले फेसबुक टिकटकजस्ता सामाजिक सञ्जालले बालबालिकाहरूमा हानि गरिरहेको बताउँदै १६ वर्षमुनिका बालबालिकामा यसको पहुँचमा प्रतिबन्ध लगाउने तयारी गरेको बताएका छन् ।

प्राविधिक विज्ञहरूलाई उमेरको सीमा लागू गर्ने जम्मेवारी दिएको बताउँदै प्रधानमन्त्री अल्बानिजले नियमहरूको उल्लंघन गरेमा जरिवानाको सामना गर्नुपर्ने उल्लेख गरेका छन् । अस्ट्रेलिया सामाजिक सञ्जालको नकरात्मक प्रभाव नियन्त्रणको प्रयास गर्ने अग्रणी राष्ट्र हो । प्रधानमन्त्री अलबानिजले प्रस्तावित उमेर बालबालिकाका लागि सबैभन्दा महत्त्वपूर्ण र आमाबाबासँग बिताउनुपर्ने उमेर भएको उनले प्रस्ट पारेका छन् ।

नोभेम्बरको अन्त्यमा संसद्मा पेस हुनुअघि यो कानुनहरू यस हप्ता राज्य र क्षेत्रका नेतासमक्ष प्रस्तुत गरिने छ । कानुन पारित भएपछि कार्यान्वयनका लागि एक वर्षको अवधि दिइने छ । यसको प्रभावकारी कार्यान्वयनका लागि आमाबाबु तथा युवाहरू जिम्मेवार हुने छन् ।

फेसबुक र इन्स्टाग्राम सञ्चालन गरेको मेटा कम्पनीले सरकारले पेस गर्न चाहेको जुनसुकै पनि उमेर सीमालाई सम्मान गर्ने जनाएको छ भने अस्ट्रेलियाले प्रतिबन्ध लागू गर्दा सावधानीपूर्वक सोच्नुपर्ने मेटाका सुरक्षा प्रमुख एन्टिगोन डेभिसले बताएका छन् ।

हेर्न नचाहेका अनावश्यक सामग्रीहरू सामाजिक सञ्जाल प्रणालीमा देखापर्ने भएकाले नियन्त्रण गर्नुपरेको अल्बानिजले बताएका छन् । यसैगरी, सञ्चारमन्त्री मिसेल रोल्यान्डले सामाजिक सञ्जाल सञ्चालन गरेका कम्पनीहरूमा बारम्बार जिम्मेवारीको ‘कमी’ देखिइरहेको बताएका छन् ।

रोल्यान्डले इन्स्टाग्राम, फेसबुक, टिकटक र एक्सजस्ता नेटवर्क तथा कम्पनीहरूले निर्धारित कानुनको उल्लंघन गरेमा आर्थिक दण्डको सामना गर्नुपर्ने बताएका छन् । फ्रान्सले यसअघि नै सन् २०२३ मा कानुन पारित गरी सामाजिक सञ्जाल प्रयोगकर्ताको उमेर कम्तीमा १५ वर्ष हुनुपर्ने व्यवस्था गरेको थियो । *रासस⁄एएफपी*

वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला - १६८५००	प्रति तोला - ०	प्रति तोला - २०१५

धान स्याहार्ने चटारो | वीरेन्द्रनगरको मसुरिखेतमा थ्रेसरको सहायताले धान झार्दै किसान । तिहार सकिएसँगै किसानलाई धान भित्र्याउने चटारो छ ।
तस्बिरः सुरेश आचार्य/रासस

पोखरामा आठौंपटक अन्तर्राष्ट्रिय उडान

■ **प्रभाव संवाददाता**

काठमाडौं– पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनको सिचुवान एयरलाइन्सले दोस्रो पटक चार्टर्ड उडान गरेको छ । पोखरा विमानस्थल उद्घाटन भएको दुई वर्षको अवधिमा सिचुवान एयरलाइन्सले दोस्रो पटक चार्टर्ड उडान गरेको हो । योसहित पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटनपछि हालसम्म आठौं पटक अन्तर्राष्ट्रिय उडान भएको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारी जसोदा सुवेदीका अनुसार सिचुवान एयरलाइन्सको एयरबस ३१९ विमान एक सय २० यात्रुसहित बिहीबार दिउँसो २ बजे पोखरा अवतरण गरेर ३ बजेर ४० मिनेटमा चीनको कुनमिङ उडेको थियो । यद्यपि, यो विमानस्थलमा विभिन्न चार्टर्ड उडान भएपनि अहिलेसम्म व्यावसायिक नियमित उडान हुनसकेको छैन ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको २०७९ पुस १७ गते उद्घाटन गरिएको थियो । विसं २०८० असार ६ गते सिचुवान एयरलाइन्सले पोखरामा पहिलो चार्टर्ड उडान गरेको थियो । उक्त एयरलाइन्सले १७ महिनापछि बिहीबार दोस्रो उडान भरेको हो ।

खेलकुदका माध्यमबाट नेपाल र छिमेकी मुलुक चीनबीचको सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यले पर्यटकीय राजधानी पोखरामा यही कात्तिक २४ गतेदेखि हुन लागेको तेस्रो संस्करणको पोखरा अन्तर्राष्ट्रिय पर्वतीय क्रस कन्ट्री दौड प्रतियोगितामा सहभागी हुन आउने चिनियाँ प्रतिनिधि, खेलाडी, दर्शक र अन्य व्यक्ति चार्टर्ड उडानमार्फत पोखरा आएका हुन् । 'साझा समृद्धिका लागि दौड'को नारासहित हुने प्रतियोगितामा नेपाल र छिमेकी मुलक चीनका खेलाडीले प्रतिस्पर्धा जनाउने छन् ।

नेपाल पर्यटन वोर्ड, गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका दौडको आयोजक रहेका छन् । हिमालयन टुरिज्जम फोरमले कार्यान्वयन गर्ने उक्त प्रतियोगिता यही कात्तिक २५ गतेसम्म सञ्चालन हुनेछ । नेपालस्थित चिनियाँ दूतावास, चीनको युनान प्रान्तीय खेलकुद ब्युरो, युनान प्रान्तीय सरकारको विदेश मामिला कार्यालय, सिल्क रोड सिटिज एलायन्सजस्ता संस्थाहरूले प्रतियोगितालाई सघाउने बताइएको छ ।

प्रतियोगिताका लागि चिनियाँ खेलाडी चीनको कुनमिङबाट पोखरासम्म अन्तर्राष्ट्रिय विमानस्थलमा चार्टर उडानबाट आएको प्रतियोगिताको आयोजक हिमालय टुरिजम फोरमले जनाएको छ ।

चिलिमे–त्रिशूली प्रसारण लाइन र सवस्टेसन सञ्चालन

■ **प्रभाव संवाददाता**

काठमाडौं– मुलुकभित्रको बिजुली प्रवाहका लागि महत्वपूर्ण मानिएको चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइन सञ्चालनमा आएको छ । रसुवाको आमाछोदिङमो गाउँपालिका थम्बुचेतस्थित चिलिमे हब सबस्टेसनदेखि नुवाकोटको किस्पाङ गाउँपालिका पहिरेबेंसीस्थित त्रिशूली थ्री बी हब सबस्टेसनसम्मको २८ किलोमिटर प्रसारण लाइन विद्युत् प्रवाह (चार्ज) गरी सञ्चालनमा ल्याइएको हो ।

यसैगरी, चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत नै निर्माण गरिएको चिलिमे हब सबस्टेसन पनि चार्ज गरिएको छ । उक्त सबस्टेसनमा २२०/१३२ केभी, १६० एमभिएका दुईवटा तीन सय २० एमभिए र १३२/३३ केभीतर्फ, ५० एमभिए क्षमताका पावर ट्रान्सफर्मर छन् । आयोजनाअन्तर्गतकै त्रिशूली थ्री बी हब २२० केभी क्षमताको सबस्टेसन यसअघि नै सञ्चालनमा थियो ।

त्रिशूली नदी र त्यसका सहायक खोलामा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रणालीमा समाहित गर्न निर्माण गरिएको चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइनले करिब एक हजार दुई सय मेगावाट विद्युत् प्रवाह गर्न सक्छ ।

अनुमानित लागत रु तीन अर्ब ६२ करोड ८९ लाख रहेको चिलिमे-त्रिशूली आयोजनामा नेपाल सरकार तथा नेपाल विद्युत प्राधिकरणको लगानी र जर्मन विकास बैंक (केएफडब्लू)को अनुदान छ । युरोपेली युनियनले स्थापना गरेको युरोपेली लगानी बैक (इआइबी)को आयोजनामा सहुलितपूर्ण ऋण रहेको छ ।

नेपाल विद्युत प्राधिकरण उच्च भोल्टेज ग्रीड विभागका निर्देशक थर्कबहादुर थापाले प्रसारण लाइन र सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेकाले त्यस क्षेत्रमा निर्माण भएका जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् जुनसुकैवेला जोड्न सकिने बताए । चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइनमा तत्काल चिलिमे जलविद्युतको अगुवाइमा निर्माण भएका १११ मेगावाटका रसुवागढी, ४२ दशमलव पाँच मेगावाटको साञ्जेन र १४ दशमलव आठ मेगावाटको साञ्जेन जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् चिलिमे हब सबस्टेसनमा जोडिने छ ।

रसुवागढी र साञ्जेन आयोजना निर्माण सम्पन्न भई विद्युत् उत्पादनको चरणमा छन् । दसैं र तिहारको सार्वजनिक विदामासमेत कर्मचारी, निर्माण व्यवसायी अहोरात्र खटी प्रसारण लाइन निर्माण सम्पन्न गरिएको थियो । कूल २८ किलोमिटर लामो प्रसारण लाइनका लागि ७६ वटा टावर निर्माण गरिएका छन् । प्रसारण लाइन समुद्री सतहबाट छ सय ८० देखि दुई हजार छ सय मिटरसम्म पर्ने भू-भागमा निर्माण गरिएको छ । ३३ वटा टावर पहुँच सडक नै नभएका ठाउँमा निर्माण गर्नु पर्ने अवस्था थियो ।

उक्त स्थानसम्म पुग्न छुट्टै पहुँच सडक निर्माण गरिएको थियो । आयोजनाले लाइन निर्माणका लागि २० किलोमिटरभन्दा बढी पहुँच सडक निर्माण गरिएको छ । हेलिकप्टरबाटसमेत निर्माण सामाग्री ढुवानी गरी टावर निर्माण गरिएको थियो ।

भौगोलिक रूपमा अत्यन्तै जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा टावर बनाउनु पर्ने, भीरैभीर रहेको र सडक पनि नभएकाले ढुङ्गागिट्टी, बालुवा, टावरका सामान, पानीलगायतका निर्माण सामाग्री मानिस या खच्चडबाट बोकाएर लैजानु पर्ने, बाढीपहिरो, वन क्षेत्रको जग्गा प्रयोगको समस्या, स्थानीयको अवरोध,कोभिड-१९,निर्माणस्थल हिमाली र पहाडी क्षेत्रमा पर्ने भएकाले प्रतिकूल मौसमजस्ता कारणले आयोजनाको निर्माण प्रभावित भएको थियो ।

उत्तरगया गाउँपालिका-१ तिरुबाट सोही वडाको सिरुचेतसम्म एक हजार २ सय ३५ मिटर लम्बाइमा तार तानिएको छ । मैलुङखोलामाथि पर्ने उक्त खण्ड (मैलुङ क्रसिङ()मा ड्रोनको प्रयोग गरी तार तानिएको थियो ।

प्रसारण लाइनअन्तर्गत चिलिमे-मैलुङ खण्ड २० किलोमिटर डबल सर्किट र मैलुङ-त्रिशूली थ्री बी हबसम्म ८ किलोमिटर चार (मल्टी) सर्किट लाइन निर्माण गरिएको छ । कोरियन कम्पनीहरूको अगुवाइमा निर्माणाधीन २१६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको विद्युत् जोड्नका लागि मल्टी सर्किट लाइन बनाउन लागिएको हो । माथिल्लो त्रिशूली-१ले मल्टी सर्किट लाइन बनाउँदा भएको खर्चको ६० प्रतिशत रकम बेहोर्ने छ ।

प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि चिनियाँ कम्पनी पिङगाओ ग्रुप अफ कम्पनीजसँग २०७४ साल कात्तिकमा ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौता २०७४ को पुसमा कार्यान्वयनमा आएको थियो ।

तरकारी खेतीबाट वार्षिक सात लाख आम्दानी

■ **प्रभाव संवाददाता**

रामपुर (पाल्पा)– रामपुर नगरपालिका-६ स्थित प्याक्लुकका गंगा बस्यालले विसं २०७२ देखि व्यावसायिक तरकारी खेती गर्दै आएका छन् । करिब १२ रोपनी क्षेत्रफलमा गरेको तरकारी खेतीबाट उनले वार्षिक रु सात लाख आम्दानी गर्दै आएका छन् ।

एक दशकअघि तरकारी खेतीबाट जीविकोपार्जन होला भन्नेमा बस्याल विश्वस्त हुन सकेका थिए । सदरमुकाम तानसेनबाट टाढा रहेको रामपुर बजार ग्रामीण सहरका रूपमा मानिन्छ । तरकारीले बजार नपाए नोक्सानी हुने चिन्ताका बीच उनले व्यवसाय विस्तार गर्दै जाने योजनासहित तरकारीखेतीमा लागे ।

अहिले तरकारीखेतीले बजार पाएपछि यसबाटै जीविकोपार्जन भइरहेको बस्यालले बताए । वार्षिक रूपमा सबै खर्च कटाएर तरकारी बिक्रीबाट रु सात लाख आम्दानी हुने गरेको उनले जानकारी दिए । उनी स्थानीय बजारको अवस्था र ग्राहकको माग अनुसार तरकारी लगाउने गर्छन् । यहाँ आलु, काउली, बन्दा, गोलभैंडालगायत जातका तरकारीले राम्रो बजार पाउने भएपछि सो जातका तरकारी उत्पादनमा जोड दिने गरेका छन् ।

बस्यालले हाल १२ रोपनी क्षेत्रफलमा तरकारीखेती गर्दै आएका छन् । दश रोपनी जग्गा १० वर्षका लागि वार्षिक रु ५० हजार बुझाउने गरी भाँडामा लिएको बताउँदै स्थानीय बजारमा तरकारीको खपत हुन थालेपछि व्यवसाय विस्तार गरी १२ रोपनी पुऱ्याएको उनले जानकारी दिए ।

तरकारी खेतीबाट परिवारको सबै खर्च र छोराछोरीको पढाइ खर्चसमेत व्यवस्थापन हुँदै आएको बस्यालले बताए । ठूला सहर तथा बजार पुग्ने सडक जोडिए पनि पक्की र व्यवस्थित सडक नहुँदा, रामपुर गाउँ भएकाले बजार सानो हुनसलगायत कारणले केही समस्या भने हुने उनको भनाइ छ ।

'भविष्यमा यो व्यवसायले आयआर्जनको बलियो माध्यम बनाउन सकिन्छ भन्ने सोचका साथ तरकारीखेती सुरु गरेँ, तरकारीबाट सोचेजस्तै आम्दानी भइरहेको छ', बस्यालले भने, 'हाम्रो परिवारको जीविका राम्रैसँग चलेको छ, यस व्यवसायबाट हामी सन्तुष्ट छौँ ।' पहिले स्याङ्जाको वालिङ, गल्याङलगायत विभिन्न बजारमा लगेर तरकारी बिक्री गरेको स्मरण गर्दै उनले अहिले भने उत्पादित तरकारीले रामपुरमा नै खपत भइरहेको जानकारी दिए ।

उनको व्यवसायमा श्रीमती राधिका बस्यालले सघाएकी छिन् । श्रीमान् श्रीमती दुवैजना तरकारी खेतीमा आबद्ध छन् । उनीहरूको यो व्यवसाय देखेर अहिले गाउँघरमा छिमेकीले पनि तरकारी लगाउन थालेका छन् । बारी हरिया तरकारीले ढाकिएका छन् । उनको बारीमा अहिले काउली, बन्दा, आलु, सागमुला, धनियालगायत सागसब्जी तयार हुँदैछन् ।

गत भदौमा मात्रै एक रोपनी जग्गामा लगाएको काँक्राबाट रु एक लाख आम्दानी भएपछि व्यवसायमा हौसला थपिएको राधिकाले बताइन् । 'तरकारीखेती थालेपछि वरिपरि हरियाली भएको छ । गाउँमा विस्तारै पहिचान पनि बन्दै गएको छ । अहिले बजारको समस्या छैन, व्यापारीले घरमा आएर खरिद गरेर तरकारी लैजानुहुन्छ', उनले भनिन् । बर्सेनि तरकारीका साथै बिरुवासमेत उत्पादन गर्न थालेको राधिकाको भनाइ छ । उनका अनुसार करिब एक रोपनी जग्गामा मौसमी तथा बेमौसमी जातका तरकारीका बिरुवा उत्पादन भइरहेका छन् ।

पछिल्लो समय यहाँको बजार बढ्दै गएपछि निर्वाहमुखी खेती गर्ने किसानले पनि व्यावसायिक तरिकाबाट खेती गर्न थालेका रामपुर नगरपालिकाका कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले बताए । व्यावसायिक खेतीमा जोड दिने किसानलाई नगरपालिकाले खेती गर्ने प्रविधिसम्बन्धी तालिम, गोष्ठी, बिउबिजन, उपकरण तथा प्राविधिक सेवा दिँदै आएको उनले जानकारी दिए ।

निर्धारित समयमै स्तरोन्नति गर्न वायुसेवा सञ्चालक संघको माग

■ **प्रभाव संवाददाता**

काठमाडौं– वायु सेवा सञ्चालक संघले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति कार्य तदारुक्ताका साथ निर्धारित समयमै गर्न माग गरेको छ । संघले बुधबार विज्ञप्ति जारी गरी विमानस्थल स्तरोन्नति निर्धारित समयमा सम्पन्न नभएमा सदस्य वायुसेवा कम्पनीहरू आर्थिक घाटामा गई कम्पनी नै बन्द गर्नुपर्ने अवस्था सृजना हुनसक्नेतर्फ सम्बन्धित सरोकारवाला निकायको ध्यानाकर्षण गराएको छ ।

नेपाल नागरिक उ•यन प्राधिकरणले यही कात्तिक २३ गतेदेखि करिब पाँच महिनासम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति गर्दैछ । जसका कारण साविकको 'उडान समय' घटाई बेलुका १० बजेदेखि बिहान ०८ बजेसम्म विमानस्थल बन्द गर्ने 'नोटिस टू एयर म्यान' (नोटाम) जारी गरिएको छ ।

'प्राधिकरणले विमानस्थलको धावनमार्ग तथा समानान्तर ट्याक्सी वेबीचको लिंकरोड निर्माणकार्य तोकिएको समयमा नै सम्पन्न गर्नेछ भन्ने संघले पूर्णविश्वास लिएको छ । सन् २०२५ को वसन्त ऋतुसम्म पनि निर्माणकार्य सम्पन्न नभएको खण्डमा सदस्य वायुसेवा कम्पनी अत्याधिक आर्थिक घाटामा गई कम्पनी नै बन्द गर्नुपर्ने अवस्था सृजना हुन जानेतर्फ सम्बन्धित सरोकारवाला निकाय चनाखो भई स्तरोन्नति तदारुक्ताका साथ गरिदिनुहुन संघ जोडदार माग गर्दछ' विज्ञप्तिमा भनिएको छ ।

विमानस्थल सञ्चालनको समय घटाउँदा सदस्य वायुसेवा कम्पनीको करिब ३० प्रतिशत उडानसमेत कटौती हुने भए पनि विमानस्थलको विस्तार तथा पूर्वाधार निर्माणको विषयमा संघ सदैव सकारात्मक रहनुका साथै पूर्वाधार निर्माणपश्चात् सदस्य वायुसेवा कम्पनी तथा अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीका जहाज आउजाउ तथा ट्राफिकमा समेत दिर्घकालीन रूपमा सहज, सरल तथा सुविधा हुने संघको विश्वास रहेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ